"दिगो विकास, अनुपम संस्कृति, उन्नत पर्यटन, समृद्ध चुमनव्री"

# चुमनुव्री गाउँपालिकाको वस्तुगत विवरण

# Chumnubri Rural Municipality Profile



चुमनुव्री गाउँपालिका

सिर्दिवास, गोरखा

गण्डकी प्रदेश, नेपाल

Email: chumanuwrimun@gmail.com
Website: www.chumanuwrimun.gov.np

# विषयसूची

**परिच्छेद १:**

**प्रारम्भिक**


| | | |
|---|---|---|
| १.१ | पृष्ठभूमि | १ |
| १.२ | उद्देश्य | १ |
| १.३ | अध्ययन विधि | १ |


**परिच्छेद- २**

**भौगोलिक अवस्था**


| | | |
|---|---|---|
| २.१ | क्षेत्रफल र सिमाना | २ |
| २.२ | नामकरण | ४ |
| २.३ | उचाइ अनुसार भौगोलिक अवस्था | ४ |
| २.४ | भिरालोपना | ६ |
| २.५ | भू-उपयोगको विवरण | ८ |


**परिच्छेद- ३**

**जनसंख्या र बसोबासको अवस्था**


| | | |
|---|---|---|
| ३३.१ | घरपरिवारको संख्या | १० |
| ३.२ | जनसंख्याको आकार र जनघनत्व | १२ |
| ३.३ | लैंगिक आधारमा जनसंख्या | १२ |
| ३.४ | उमेर समूह अनुसार जनसंख्या | १३ |
| ३.५ | औसत परिवार संख्या | १४ |
| ३.६ | जातजाति | १५ |
| ३.७ | मातृभाषा | १५ |
| ३.८ | धर्म | १६ |
| ३.९ | अनुपस्थित जनसंख्या | १६ |

३.१० बसोबासको अवस्था १७

३.११ घरको संख्या १७

३.१२ घरको बनावट १८


## परिच्छेद- ४

## आर्थिक अवस्था


४.१ अर्थतन्त्रको संरचना २०

४.२ कृषि तथा पशुपालन २०

४.३ उद्योग र व्यापार २५

४.४ पर्यटन २७

४.५ वित्तीय पहुँच २९

४.६ श्रमशक्ति र रोजगारीको अवस्था २९

४.७ आम्दानी र खर्च ३१

४.८ गरिबीको अवस्था ३१


## परिच्छेद- ५

## भौतिक पूर्वाधारको स्थिति


५.१ यातायात ३२

५.२ सूचना प्रविधि तथा सञ्चार क्षेत्रको अवस्था ३४

५.३ प्रकाशको स्रोत तथा विद्युत ३४

५.४ खाना पकाउने इन्धनको स्रोत ३७

५.५ खानेपानी ३७

५.६ सरसफाइको स्थिति ३८

५.७ भवन आवास बस्ती विकास तथा सामाजिक पूर्वाधार ३८

५.८ भूकम्प र पुनर्निर्माण ४१


## परिच्छेद- ६

## सामाजिक अवस्था


६.१ शैक्षिक तथा मानव संसाधन विकास ४३

६.२ स्वास्थ्य ४७

६.३ युवा तथा खेलकुद ४९

६.४ जोखिममा रहेको वर्ग ५०

**परिच्छेद- ७**

**वन, वातावरण तथा जलवायु परिवर्तनको स्थिति**

७.१ वन क्षेत्रको स्थिति ५३
७.२ जैविक विविधता ५३
७.३ जलवायु ५३
७.४ भूक्षय तथा बाढी पहिरो तथा नदी कटान ५४
७.५ जलाधारको अवस्था ५६
७.६ बाढी, पहिरो, नदी कटान, हुरी बतासबाट सम्भावित जोखिमको अवस्था ५६

**परिच्छेद- ८**

**संस्थागत सुशासन**

८.१ गाउँसभा ५७
८.२ गाउँ कार्यपालिका ५८
८.३ कार्यरत कर्मचारीको अवस्था ५९
८.४ गाउँपालिकामा कार्यरत गैससहरू ५९

# परिच्छेद- १
# परिचय

## १.१ पृष्ठभूमि

चुमनुब्री गाउँपालिकाको विभिन्न विवरण जस्तै जनसंख्या, प्राकृतिक, आर्थिक, सामाजिक, सांस्कृतिक तथा भौतिक पूर्वाधार, आदिको तथ्याङ्क सङ्कलन र प्रशोधन गरी योजना र नीति निर्माण प्रक्रियामा सहयोग पुऱ्याउने अपेक्षा सहित यो वस्तुगत विवरण तयार पारिएको छ । स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ (२-ड) ले स्थानीय अभिलेख व्यवस्थापन अन्तर्गत वस्तुगत विवरण तयारीलाई एउटा महत्वपुर्ण दस्तावेजको रुपमा लिएको छ । यसर्थ तथ्य र सूचनामा आधारित यो जना निर्माण तथा वस्तुपरक निर्णयका लागि चुमनुब्री गाउँपालिकाले यो पार्श्वचित्र तयार पारेको छ । गाउँपालिकाले तयार पार्ने आवधिक, वार्षिक, रणनीतिगत, विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन बिकास योजना वास्तविक विवरणका आधार मा तयार पार्नु पर्ने हुदा प्रथम पटक तयार पारेको यस बस्तुगत विवरण (पार्श्व चित्र) लाई भविश्यमा नियमित रुपमास्रोत नक्साहरू समेत तयार गरी अद्यावधिक बनाउदै लग्नु पर्दछ ।

## १.२ उद्देश्य

यस वस्तुगत बिबरण तयार पार्नका उदेश्यहरू निम्न रहेका छन्:

१) चुमनुब्री गाउँपालिकाको आर्थिक, सामाजिक, भौतिक लगायतका विभिन्न सुचकहरू तयार पार्नका लागि आवश्यक सूचना सकंलन गर्ने,

२) यस गाउँपालिकामा उपलब्ध तथ्यांक एवं सूचनाहरू अद्यावधिक गर्ने,

३) प्राप्त सूचनालाई गाउँपालिकाका आगामि योजना, नीति, एवं रणनीतिक कार्ययोजनासँग जोड्ने ।

## १.३ अध्ययन विधि

विभिन्न चरणमा संकलित प्राथमिक र द्धितिय तथ्यांकको आधारमा यो बिबरण तयार पारिएको छ । यसका लागि निम्न प्रकृया र विधि अपनाइएको छ ।

(क) पहिलो चरणमा तथ्यांक संकलन गर्ने टोलिलाई तथ्यांक संकलन गर्दा ध्यान दिनुपर्ने कुराहरू, तथ्यांक संकलनका औ जार एवं त्यसका सम्भाव्य श्रोतहरूको बारेमा अभिमुखीकरण गरिएको थियो । यसका लागि मिति २०७६/१/१३ मा चुमनुब्री गाउँपालिकामा एक दिने छलफल कार्यक्रम राखिएको थियो । तालिममा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार पारेको घरधुरी सर्वेक्षण कार्यविधि अनुसार software मा आधारित एप्सवाट गाउँपालिकाले छनौट गरेका सवे ्क्षकहरूलाई तथ्यांक संकलन सम्बन्धी तालिम प्रदान गरि घरधुरी तथा संस्थागत तथ्याङ्क संकलन गर्ने कार्य गरिएको थियो ।

(ख) माथि उल्लेखित घरघुरी तथा सस्थागत सर्वेक्षणका अलावां द्धितियक स्रोतवाट समेत तथ्याक सकलन गरि माइक्रोसफ्ट एक्सेल मार्फत तथ्याक पशोधन गरिएको थियो । संकलित तथ्यांकको विश्लेषण पश्चात प्राप्त सूचना तथा विवरणहरू पुनः छलफलका लागी प्रस्तुत गरिएको थियो । उक्त प्रारम्भिक मस्यौदमा प्राप्त सुझाव समेतको आधारमा बस्तुगत बिबरणको "मस्यौदा" तयार पारिएको थियो ।

ग) बस्तुगत विवरणको प्रारम्भिक मस्यौदामा प्राप्त सुझाव तथा पृष्ठपोषण समेतका आधारमा तयार गरिएको प्रारम्भिक मस्यौ दालाई प्रमाणीकरण कार्यशालाको आयोजना गरी छलफल पश्चात आवश्यक परिमार्जन सहित अन्तिम प्रतिवेदन तयार गरि एको छ ।

# परिच्छेद- २
# भौगोलिक अवस्था


## २.१ क्षेत्रफल र सिमाना

कुल क्षेत्रफल १६४९ वर्ग किमी रहेको चुमनुव्री गाउँपालिका नेपालका ७५३ स्थानीय तहका पालिका मध्ये भौगोलिक रुपमा चौथो ठुलो पालिका रहेको छ। यो गण्डकी प्रदेश अर्न्तगत गोरखा जिल्लाको उत्तरी भागमा अवस्थित छ। साविकका ७ वटा गाउँविकास समितिहरू (समागाउँ, ल्हो, प्रोक, विहि, छेकम्पार, चुम्चेत र सिर्दिबास) मिलाएर चुमनुव्री गाउँपालिकाको निर्माण गरिएको छ। यसको उत्तर र पूर्व तर्फ चीन, पश्चिममा मनाङ र लमजुङ जिल्ला रहेको छ भने दक्षिणमा गोरखा जिल्लाकै धार्चे गाउँपालिका सँगजोडिएको छ। गोरखा जिल्लाको मुख्यनदि बुढीगण्डकीको उत्तर पूर्व भागमा अवस्थित साविकको सिर्दिबास गाविसको फिलिम यस गाउँपालिकाको केन्द्रको रुपमा रहेको छ।

**तालिका २.१ गाउँपालिकाको क्षेत्रफल**

| वडा | साविकका गाविस | क्षेत्रफल व.कि.मि. |
|---|---|---|
| १ | सामा गाउँ (१-९) | ३४२ |
| २ | ल्हो (१-९) | २०० |
| ३ | सिर्दिवास (१-९) | २५८ |
| ४ | प्रोक (१-९) | २०४ |
| ५ | बिही (१-९) | १२१ |
| ६ | चुम्चेत (१-९) | २०७ |
| ७ | छेकम्पार (१-९) | ३१७ |
| **जम्मा** | | **१६४९** |

**चित्र २.१ गाउँपालिकाको प्रशासनिक सिमाना**




## २.२ नामकरण

खासगरी यहाँका भोटे जातीले उत्तरी चिनबाट नुनल्याई बास बस्ने र प्रत्येक नाकानाकामा पुर्‍याउने कार्य गर्ने भएकाले यस स्थानको नाम सिर्दिबास (सिर्दि भनेको नुन) रहेको भनाई प्रचलित छ । यस गाउँपालिकाको नयाँ संरचना निर्माणको क्रममा चुम भ्याली र नुब्री भ्याली दुवैलाई मिसाईएको हुदा यसको नाम चुमनुब्री रहन गयो ।

## २.३ उचाइ अनुसार भौगोलिक अवस्था

यस गाउँपालिका समुद्रि सतहवाट १२३९ मिटर देखि ८१६३ मिटर सम्म फैलिएको छ । मनास्लु हिमाल (उचाँई ८१६३ मिटर) यहाँको सवैभन्दा उच्च हिमाल हो । मनास्लु सरक्षण क्षेत्र यहि गाउँपालिका भित्र रहेको छ। यहाँ मनास्लु वाहेक हिमचुलि (७८९३ मिटर) र सृङगी (७१८७ मिटर) जस्ता उच्च हिमाल समेत अवस्थित छन् । यसैगरि लार्के (५२०५ मिटर) र ग्या (५३७५ मिटर) जस्ता उच्च पास (ला) हरूका साथै  काल र विरेन्द्र तालहरू समेत रहेका छन् । सडक यातायात नपुगेको तथा भौगोलिक वनोटका कारण यो गाउँपालिका पहुँचको दृष्टिकोणवाट विकट रहेपनि यहाँको प्राकृतिक र सास्कृतिक विशिष्टताका कारण सुन्दर, अनुपम र अनन्त सम्भावना वोकेको गाउँपालिकाको रुपमा रहेको छ ।


### चित्र २.२ उचाइ अनुसारको भौगोलिक अवस्था



## २.४ भिरालोपना

यस गाउँपालिकाको अधिकांश भु-भाग उच्च भिरालोमा रहेको छ। कुल भू–भाग को २६.३ प्रतिशत भु–भाग ४५ डिग्री भन्दा बढी भिरालोमा रहेको छ भने ३० देखि ४५ डिग्री सम्म भिरालोपना रहेको भू–भाग ३७.० प्रतिशत रहेको छ। यस अनुसार ३० डिग्री भन्दा वढि भिरालो भएको भूभागले गापाको कुल भूभागको ६३.३ प्रतिशत ओगटेको छ। कूल भुभाग मध्ये ४.७ प्रतिशत मात्र ५ डिग्री भन्दा कम भिरालोमा रहेको छ भने ७.८ प्रतिशत ५ देखि १५ डिग्री र २४.२ प्रतिशत १५ देखि ३० डिग्री भिरालोमा रहेको छ। भिरालोपना सम्बन्धी विवरण चित्र २.३ मा प्रस्तुत गरिएको छ।


### चित्र २.३ भूधरातलको अवस्था



## २.५ भू-उपयोगको विवरण

यस गाउँपालिकामा कुल क्षेत्रफलको उल्लेख्य भुभाग (५० प्रतिशत) खालि क्षेत्र रहेको छ। गाउँपालिकाको कुल भू–भागको १३ प्रतिशत वनजगंल, २७ प्रतिशत घाँसे मैदान, ४ प्रतिशत हिँउले ढाकेको क्षेत्र, हिमनदी ३ प्रतिशत र पानीको हिस्सा १ प्रतिशत रहेको छ। कुल भुभागको न्युन क्षेत्र (२ प्रतिशत) मात्र खेतियोग्य रहेको छ। यस गाउँपालिकाको भू–उपयोग सम्बन्धी विवरण तलको चित्रमा विस्तृत रुपमा प्रस्तुत गरिएको छ।

### चित्र २.४ भू उपयोगको अवस्था



## परिच्छेद- ३
## जनसंख्या र बसोबासको अवस्था

### ३.१ घरपरिवारको संख्या

२०७६ सालमा यस गाउँपालिकाबाट संकलित तथ्याङ्क अनुसार यहाँ जम्मा २००४ घरपरिवार रहेको देखिन्छ। २०६८ को जनगणना अनुसार यो संख्या १९४९ थियो । यहाँ वडा ३ मा सबै भन्दा बढि ६७१ घरपरिवार वस्ने गरेका छन जुन गाउँपलिकाको कूल घरपरिवारको ३३.५८ प्रतिशत हुन आँउछ। वडा ५ मा सवैभन्दा कम (१८४ घरपरिवार) वस्ने गरेका छन् । यसैगरी वडा १ मा १९६ घरपरिवार, २ मा २६६, ४ मा १९९, ६ मा २४३ र वडा ७ मा समेत २४३ घरपरिवार वस्ने गरे का छन्। घरपरिवारको वडागत् विवरण तालिका तथा चित्र ३.१ मा प्रस्तुत गरिएको छ।


### तालिका ३.१: वडागतरुपमा जनसंख्याको अवस्था

| वडा | २०६८[1] | | २०७६[2] | |
|---|---|---|---|---|
| | घरपरिवार | घरपरिवारको प्रतिशत | घरपरिवार | घरपरिवारको प्रतिशत |
| १ | १९७ | १०.११ | १९६ | ९.७८ |
| २ | २५६ | १३.१३ | २६६ | १३.२७ |
| ३ | ५७२ | २९.३५ | ६७३ | ३३.५८ |
| ४ | १८७ | ९.५९ | १९९ | ९.९३ |
| ५ | २०८ | १०.६७ | १८४ | ९.१८ |
| ६ | २६६ | १३.६५ | २४३ | १२.१३ |
| ७ | २६३ | १३.४९ | २४३ | १२.१३ |
| जम्मा | १९४९ | १०० | २००४ | १००.०० |

स्रोतः १: जनगणना २०६८, केन्द्रिय तथ्याङ्क विभाग २: चुमनुब्री घरधुरी सर्वेक्षण, २०७६

गाउँपालिकावाट गरिएको सर्वेक्षण र जनगणना २०६८को परिवार संख्या तथा जनसंख्या गणना विधिमा केहि भिन्नता रहेको छ। गाउँपालिकाको संकलन गर्दा यहि वसोवास गर्ने परिवारलाई मात्र गणना गरिएको छ भने जनसंख्यामा हाल गाउँपालिका भन्दा वाहिर (आन्तरिक र वाह्य आप्रावास) वस्ने मानिसहरू समेत जनसंख्यामा गणना गरिएको छ।

### चित्र ३.१ घर अवस्थित स्थान




## ३.२ जनसंख्याको आकार र जनघनत्व

गाउँपालिकाको कुल जनसंख्या ९२८९ रहेको छ । वडागत रुपमा वडा ३ मा सवैभन्दा वढि २९६६ जनाको वसोवास रहेको देखिन्छ भने सवै भन्दा कम वडा ५मा ७२० जना वसोवास गर्ने देखिन्छ। वडागत रुपमा जनसंख्या क्रमशः वडा १ मा ८२३ जना (९ प्रतिशत), वडा २ मा १२२८ (१३ प्रतिशत), ३ मा २९७७ (३२ प्रतिशत), ४ मा ८३५ (९ प्रतिशत), ५ मा ७२० (८ प्रतिशत), ६ मा १२७६ (१४ प्रतिशत) र ७ मा १४३० (१५ प्रतिशत) रहेको देखिन्छ।

यस गाउँपालिकाको अधिकांस भू भाग उचाइमा रहेका कारण यहाँ न्यून जनघनत्व रहेको छ। यहाको जनघनत्व औसतमा ५.६३ जना प्रति वर्ग किलोमिटर रहेको पाईन्छ जुन राष्ट्रिय औषत १८० जना प्रति वर्ग किलो मिटर भन्दा अत्यन्त न्यून रहेको देखिन्छ। यहाँको जनधनत्व वडा ३ मा ११.५४ र सवैभन्दा कम वडा १ मा २.४१ रहेको छ। तथापि यस गाउँपालिकाको अधिकास भूभाग वसोवास र कृषियोग्य नभएको हुदाँ वसोवास र कृषिको लागि आवश्यक भूभाग भने निकै कम रहेको छ।

**तालिका ३.२ जनसंख्याको आकार र जनघनत्व**

| वडा | जनसंख्या | जनसंख्या प्रतिशत | क्षेत्रफल | जनघनत्व |
|---|---|---|---|---|
| १ | ८२३ | ८.८६ | ३४२ | २.४१ |
| २ | १२२८ | १३.२२ | २०० | ६.१४ |
| ३ | २९७७ | ३२.०५ | २५८ | ११.५४ |
| ४ | ८३५ | ८.९९ | २०४ | ४.०९ |
| ५ | ७२० | ७.७५ | १२१ | ५.९५ |
| ६ | १२७६ | १३.७४ | २०७ | ६.१६ |
| ७ | १४३० | १५.३९ | ३१७ | ४.५१ |
| जम्मा | ९२८९ | १००.०० | १६४९ | ५.६३ |

### ३.३ लैंगिक आधारमा जनसंख्या

कुल जनसंख्या ९२८९ मध्ये ४६६९ जना (५०.२६ प्रतिशत) पुरुष र ४६२० जना (४९.७४ प्रतिशत) महिला रहेका छन् । जनगणना २०६८ अनुसार यहाँ ४६.०६ प्रतिशत पुरुष र ५२.९४ प्रतिशत महिला रहेका थिए । वडागत रुपमा पुरुष महिलाको संख्याको वितरण प्राय समान नै रहेको देखिन्छ । तथापि वडा १, २ र ५ मा महिलाको संख्या सीमान्त रुपमा वढि रहेको छ भने वडा ३, ४, ६ र ७ मा पुरुषहरूको संख्या केहि वढि रहेको छ । वडागत रुपमा महिला र पुरुषको जनसंख्याको विवरण तल तालिका ३.३ मा प्रस्तुत गरिएको छ ।

माथि उल्लेख गरे वमोजिम अस्थायी आप्रावास (देशभित्रै तथा वाह्य) मा रहेकालाई समेत समावेश गरिएको छ भने अन्य ठाँउवाट आइ अस्थायी रुपमा यस गा.पा. भित्र वसोवास गर्ने परिवारलाई समावेश गरिएको छैन ।

**तालिका ३.३: वडागतरुपमा महिला र पुरुष जनसंख्याको वितरण**

| वडा | पुरुष | पुरुष % | महिला | महिला % | कुल |
|---|---|---|---|---|---|
| १ | ३९४ | ४७.८७ | ४२९ | ५२.१३ | ८२३ |
| २ | ६०१ | ४८.९४ | ६२७ | ५१.०६ | १,२२८ |
| ३ | १५०७ | ५०.६२ | १,४७० | ४९.३८ | २,९७७ |
| ४ | ४२५ | ५०.९० | ४१० | ४९.१० | ८३५ |
| ५ | ३३७ | ४६.८१ | ३८३ | ५३.१९ | ७२० |
| ६ | ६८२ | ५३.४५ | ५९४ | ४६.५५ | १,२७६ |
| ७ | ७२३ | ५०.५६ | ७०७ | ४९.४४ | १४३० |
| जम्मा | ४,६६९ | ५०.२६ | ४,६२० | ४९.७४ | ९२८९ |

स्रोतः चुमनुब्री घरधुरी सर्वेक्षण, २०७६

### ३.४ उमेर समूह अनुसार जनसंख्या

उमेर समूहको आधारमा युवा र आर्थिक रुपले सक्रिय जनसंख्याको वाहुल्यता रहेको छ । आर्थिक रुपले सक्रिय जनसंख्या मध्ये १५ देखि २९ उमेर समूह सवै भन्दा वढि ३० प्रतिशत रहेका छन् । यसै गरि ३०–४४ वर्षसमूहका १७ प्रतिशत र ४५ देखि ५९ वर्ष समूहका १२ प्रतिशत रहेका छन् । आश्रित जनसंख्याको हकमा एक वर्ष मुनिका वालवालिका २ प्रतिशत, १ देखि ५ वर्ष भित्रका ८ प्रतिशत र  ५ देखि १४ वर्ष सम्मका २२ प्रतिशत रहेका छन् । आश्रित जेष्ठ नागरिकमा ६० देखि ६९ वर्ष उमेर समूहको ६ प्रतिशत र ७० वर्ष भन्दा माथि ३ प्रतिशत जनसंख्या रहेको छ ।


यहाँको जनसंख्याको औसत आयु २८ वर्ष र मध्ययक (मिडियन) आयु २३ वर्ष रहेको छ । यस अनुसार जनसंख्या सर चानामा युवा जनशक्तिले भरिपूर्ण उमेर समूह अनुसारको वाहुल्यता रहेको छ । जनसख्यको वितरण तालिका ३.४ मा प्रस्तुत गरिएको छ भने जनसंख्या पिरामिड चित्र ३.1 मा प्रस्तुत गरिएको छ ।

**तालिका ३.४: उमेरको आधारमा जनसंख्याको वितरण (संख्यामा)**

| वडा | १ बर्ष मुनिका | १ देखि ५ बर्ष मुनिका | ५ देखि १४ बर्ष मुनिका | १५ देखि २९ बर्ष मुनिका | ३० देखि ४४ बर्ष मुनिका | ४५ देखि ५९ बर्ष मुनिका | ६० देखि ६९ बर्ष मुनिका | ७० वर्ष भन्दा माथि | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | १६ | ५९ | २०२ | २२२ | १४१ | ९४ | ५१ | ३८ | ८२३ |
| २ | १३ | ९२ | २७५ | ३६५ | २१३ | १३४ | ७८ | ५८ | १,२२८ |
| ३ | ९९ | २६२ | ६५८ | ८५८ | ५१८ | ३५४ | १५९ | ६९ | २,९७७ |
| ४ | २१ | ५१ | १५६ | २७३ | १३४ | १२० | ४८ | ३२ | ८३५ |
| ५ | १४ | ७४ | १६४ | २१६ | ११९ | ७१ | ४३ | १९ | ७२० |
| ६ | ३६ | ११५ | २८९ | ३४७ | २०२ | १७१ | ७६ | ४० | १,२७६ |
| ७ | १९ | ९६ | २९९ | ४८८ | २२५ | १६७ | ८७ | ४९ | १,४३० |
| जम्मा | २१८ | ७४९ | २,०४३ | २,७६९ | १,५५२ | १,१११ | ५४२ | ३०५ | ९,२८९ |
| प्रतिशत | २.३५ | ८.०६ | २१.९९ | २९.८२ | १६.७१ | ११.९६ | ५.८३ | ३.२८ | १००.०० |
| औसत आयु २८ वर्ष, मध्यम (मिडिएन) आयु २३ वर्ष | | | | | | | | | |

स्रोत: चुमनव्री घरधुरी सर्वेक्षण, २०७६

**चित्र ३.२ : जनसंख्या पिरामिड**




स्रोत: चुमनुव्री घरधुरी सर्वेक्षण, २०७६

### ३.५ औसत परिवार संख्या

यस गाउँपालिकाको औषत परिवार संख्या ५.८ रहेको छ । वडा ७ मा औषत परिवार संख्या ७.२ रहेको छ भने वडा ६ मा ६.८ रहेको छ। अन्य वडामा औषत परिवार सदस्य संख्या ५ देखि ६ रहेको छ। मिडियन परिवार संख्या ६ रहेको छ। अर्थात ५० प्रतिशत घरको परिवार सदस्य संख्या ६ वा सो भन्दा कम रहेको छ। कुनै घरमा अधिकतम परिवार संख्या १६ समेत रहे को देखिन्छ ।

**तालिका ३.५: औसत परिवार संख्या (वडागत रुपमा)**

| वडा | औषत परिवार संख्या | मध्यक (मिडिएन) संख्या | न्यूनतम | अधिकतम |
|---|---|---|---|---|
| १ | ५.५ | ६ | १ | ११ |
| २ | ५.८ | ६ | १ | १३ |
| ३ | ५.२ | ५ | १ | १३ |
| ४ | ५.४ | ५ | १ | १३ |
| ५ | ५.१ | ५ | १ | १० |
| ६ | ६.८ | ७ | १ | १३ |
| ७ | ७.२ | ७ | १ | १६ |
| जम्मा | ५.८ | ६ | १ | १६ |

**स्रोतः चुमनुव्री घरधुरी सर्वेक्षण, २०७६**

### ३.६ जातजाति

यस गाउँपालिकामा विभिन्न जातिहरूको वसोवास रहेको देखिन्छ। घरपरिवारको संख्याको आधारमा यहाँ प्रमुख रुपमा लामानुव्रीपा ४१ प्रतिशत, गुरुङ ३२ प्रतिशत, लामाचुम्वा २४ प्रतिशत रहेका छन् । यस वाहेक घले (१.५%), ठकुरी/क्षेत्री (०.७%) विश्वकर्मा (०.६%) र थकाली (०.३ %) रहेका छन् । वडा १ सामागाउँ, ३ ल्हो, ४ प्रोक र ५ विहीमा लामानुव्रीको वसोपास रहेको छ । वडा ६ र ७ मा लामाचुम्वाको प्रमुख वसोवास रहेको छ । गुरुङ्ग र घले वडा ३ मा प्रमुख रुपमा वसेका छन् भने न्यून संख्यामा गुरुङ जातजातिहरू वडा २, ४ र ५ मा समेत वसोवास गरेका छन्। ठकुरी/ क्षेत्रि वडा ३ र ४ मा रहेका छन् भने विश्वकर्मा १ देखि ५ वडामा छरिएर रहेका छन्। थकालिको वसोवास वडा ३ र ४ मा रहेको देखिन्छ। वडागत रुपमा जातजातिको वसोवासको विवरण तालिका ३.६ मा प्रस्तुत गरिएको छ।

**तालिका ३.६ जातजाति अनुसार घरधुरीको वितरण (घरधुरीको संख्याको आधारमा)**

| वडा | लामानुव्रीपा | गुरुङ्ग | लामाचुम्वा | घले | ठकुरी/ क्षेत्रि | विश्वकर्मा | थकालि | वडाको जम्मा घरधुरी |
|---|---|---|---|---|---|---|---|---|
| १ | १९४ | - | - | - | - | २ | | १९३ |
| २ | २६१ | ३ | - | | १० | २ | | २६६ |
| ३ | ४ | ६२२ | - | ३० | ५ | ६ | १ | ६७३ |
| ४ | १८४ | ३ | - | | - | १ | ६ | १९९ |
| ५ | १७२ | ११ | - | | - | १ | | १८४ |
| ६ | - | - | २४३ | | | - | | २४३ |
| ७ | - | - | २४३ | ३० | १५ | - | | २४४ |
| जम्मा | ८१५ | ६३९ | ४८६ | १.५० | ०.७५ | १२ | ७ | २००४ |

| प्रतिशत | ४०.६६ | ३१.८९ | २४.२५ | १.५० | ०.७५ | ०.६० | ०.३५ | १००.०० |
|---|---|---|---|---|---|---|---|---|

स्रोतः चुमनुव्री घरधुरी सर्वेक्षण, २०७६

### ३.७ मातृभाषा

मातृभाषाको हिसाबले हेर्दा यस गाउँपालिकामा सबैभन्दा धेरै घरपरिवारले गुरुङ्ग भाषा ३३.३ % बोल्दछन् । यसैगरी मातृभाषाको रुपमा नुब्रीलार्के २७.६ प्रतिशत, चुम्वा २४.२ प्रतिशत र कुथाङ १३.१ प्रतिशत घरपरिवारमा प्रयोग गर्ने गरे का छन् । अन्य भाषामा नेपाली (थकाली समेत) १.७ प्रतिशतले वोल्ने गरेको देखिन्छ । घरपरिवारको आधारमा यहाँ बोलिने मातृभाषाको वडागत विवरण तालिका ३.७ मा प्रस्तुत गरिएको छ ।

**तालिका ३.७ : मातृभाषाको विवरण (घरपरिवारका संख्याको आधारमा)**

| वडा | गुरुङ्ग | नुब्रीलार्के | चुम्वा | कुथाङ | नेपाली | वडाको जम्मा घरधुरी |
|---|---|---|---|---|---|---|
| १ | - | १९४ | - | - | २ | १९६ |
| २ | ३ | २६१ | - | - | २ | २६६ |
| ३ | ६५२ | ४ | - | - | १७ | ६७३ |
| ४ | ३ | ९४ | - | ९० | १२ | १९९ |
| ५ | ११ | - | - | १७२ | १ | १८४ |
| ६ | - | - | २४३ | - | | २४३ |
| ७ | - | - | २४३ | - | | २४३ |
| जम्मा | ६६९ | ५५३ | ४८६ | २६२ | ३४ | २००४ |
| प्रतिशत | ३३.३ | २७.५९ | २४.२५ | १३.०७ | १.७० | १००.०० |

स्रोतः चुमनुव्री घरधुरी सर्वेक्षण, २०७६

### ३.८ धर्म

यस गाउँपालिकामा अधिकांश घरपरिवार वौद्ध धर्मावलम्बीहरू रहेका छन् । आँकडाअनुसार ८८.५२ प्रतिशत वौद्ध धर्मालम्विहरू छन् । यस वाहेक क्रिश्चियन १०.६३ प्रतिशत, हिन्दु ०.८० प्रतिशत र वोन ०.५० प्रतिशत रहेका छन । वडागत रूपमा धर्मअनुसार जनसंख्याको विवरण तालिका ३.८ मा प्रस्तुत गरिएको छ ।

| वडा | वौद्ध | क्रिश्चियन | हिन्दु | वोन | जम्मा |
|---|---|---|---|---|---|
| १ | १९६ | | | | १९६ |
| २ | २६६ | | | | २६६ |
| ३ | ४४५ | २११ | १६ | १ | ६७३ |
| ४ | १९९ | २ | | | १९९ |
| ५ | १८२ | | | | १८४ |
| ६ | २४३ | | | | २४३ |
| ७ | २४३ | | | | २४३ |
| जम्मा | १७६९ | २११ | १६ | १ | २००४ |
| प्रतिशत | ८८.५२ | १०.६३ | ०.८० | ०.०५ | १०० |

स्रोतः चुमनुव्री घरधुरी सर्वेक्षण, २०७६

## ३.९ अनुपस्थित जनसंख्या

यस गाउँपालिकाको कुल जनसंख्याको जम्मा ७२.८२ प्रतिशत मानिसहरू आफ्नै स्थानमा बसोबास गर्दछन् भने २७.१८ प्रतिशत मानिसहरू बाहिर बसोबास गर्दछन् । जस मध्ये २०.५५ प्रतिशत आन्तरिक (देश भित्र) बसोबास गरेको छन् भने ६.६३ प्रतिशत जनसंख्याले देश बाहिर बसोबास गरेको देखिन्छ । बसोबास को हिसाबले वार्ड नम्बर ३ का ९२.०१ प्रतिशत मानिसहरू त्यही बसोबास गर्दछन् । देश बाहिर बसोबास गर्ने सबै भन्दा ठुलो अनुपात वार्ड नम्बर २ मा १०.७५ प्रतिशत) रहेको छ भने सबै भन्दा कम वार्ड नम्बर ५ मा (१.११ प्रतिशत) मात्रै रहेको छ । अनुपस्थित जनसंख्याको आधार मा हेर्दा वार्ड नम्बर २ मा सवैभन्दा बढी रहेको (४६.६६ प्रतिशत) छ भने सबै भन्दा कम वार्ड नम्बर ३ मा (८ प्रतिशत) जनसंख्या अनुपस्थित रहेको पाइन्छ ।

देश वाहिर रहेका मध्ये मलेशियामा ३४३ जना, भारतमा १५७ जना, दुवईमा ९९ जना, कुवेतमा ३२ जना, जापान र साउदी अरेविया प्रत्येकमा २३ जना रहेका छन् । वाँकि अन्य विभिन्न ३२ वटा मुलुकमा गएका देखिन्छन् ।

**तालिका ३.९: अनुपस्थित जनसंख्याको अवस्था**

| वडा | यही गाउँपालिका भित्र वस्ने | | देश भित्र अन्य स्थानमा वस्ने | | देश वाहिर वस्ने | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | ५२२ | ६३.४३ | २५२ | ३०.६२ | ४९ | ५.९५ |
| २ | ६५५ | ५३.३४ | ४४१ | ३५.९१ | १३२ | १०.७५ |
| ३ | २७३९ | ९२.०१ | १४२ | ४.७७ | ९६ | ३.२२ |
| ४ | ५३० | ६३.४७ | २५८ | ३०.९० | ४७ | ५.६३ |
| ५ | ५९३ | ८२.७८ | ११६ | १६.११ | ८ | १.११ |
| ६ | ८६६ | ६७.८७ | ३०९ | २४.२२ | १०१ | ७.९२ |
| ७ | ८५६ | ५९.८६ | ३९१ | २७.३४ | १८३ | १२.८० |
| जम्मा | ६७६४ | ७२.८२ | १८९५ | २०.५५ | ६१३ | ६.६३ |

स्रोतः चुमनुब्री घरधुरी सर्वेक्षण, २०७६

## ३.१० बसोबासको अवस्था

हाल यस गाउँपालिकामा वसोवास गरिरहेका मध्ये १०७ परिवारको आफ्नै घर भएको देखिदैन । यो कुल घरपरिवार संख्याको ५.३३ प्रतिशत हो । वडा २ र ३ मा क्रमशः ३४ र ३५ परिवारसँग घर नभएको देखिन्छ भने अन्य वडामा ३ देखि १२ घरपरिवारको घर नभएको देखिन्छ । भूकम्प पश्चात सम्पूर्ण परिवारसहित अन्यत्र स्थानमा वसेको कारण घर वनाउन शुरु नभएको तथा केही घरहरू पून निर्माणको क्रममा रहेको कारण यी परिवार सग घर नभएको देखिन्छ ।

**तालिका ३.१० : आफनै घर भएको**

| वडा | नभएको | भएको | जम्मा |
|---|---|---|---|
| १ | ९ | १८७ | १९३ |
| २ | ३४ | २३२ | २६६ |
| ३ | ३५ | ६३८ | ६७३ |
| ४ | १२ | १८७ | १९९ |
| ५ | ३ | १८१ | १८४ |

| | | | |
|---|---|---|---|
| ६ | ५ | २३८ | २४३ |
| ७ | ९ | २३४ | २४३ |
| जम्मा | १०७ | १८९७ | २००४ |
| प्रतिशत | ५.३४ | ९४.६६ | १०० |

स्रोतः चुमनुब्री घरधुरी सर्वेक्षण, २०७६

## ३.११ घरको संख्या

कुल १८९७ परिवारसँग घर रहेकोमा अधिकांशको घर १ वटा रहेको छ। एक घर हुने परिवार ६२.२६ प्रतिशत रहेका छन्। यसैगरि २ वटा घर हुने ५७३ परिवार (३०.२३%) र ३ वा सो भन्दा वढि हुने परिवारको संख्या १४२ (७.४९) प्रतिशत रहेको छ।

### तालिका ३.११: घरको संख्या

| वडा | १ वटा | २ वटा | ३ वा सो भन्दा बढी | जम्मा |
|---|---|---|---|---|
| १ | १२२ | ४८ | १७ | १८७ |
| २ | ११२ | ८२ | ३८ | २३२ |
| ३ | ४८१ | १४५ | १२ | ६३८ |
| ४ | ८३ | ५३ | ५१ | १८७ |
| ५ | ८० | ८५ | १६ | १८१ |
| ६ | २२७ | ११ | ० | २३८ |
| ७ | ७७ | १४९ | ८ | २३४ |
| जम्मा | ११८० | ५७३ | १४२ | १८९७ |
| प्रतिशत | ६२.२६ | ३०.२३ | ७४९ | १०० |

स्रोतः चुमनुब्री घरधुरी सर्वेक्षण, २०७६

## ३.१२ घरको बनावट

यस गाउँपालिकामा अधिकांश घरहरू माटोको फाउन्डेसन राखी वनाईएका छन्। ९१.५५ प्रतिशत घरहरूमा माटो प्रयोग गरिएको छ। १०३ घरहरू अर्थात ५.४३ प्रतिशत सिमेन्ट वा लोड वियरिङ प्रणालीबाट वनेका छन्। ५७ वटा घरहरू (३ प्रतिशत्) अन्य जस्तै काठ वा वाँस आदिवाट वनेका छन्।

### तालिका ३.१२: घरको फाउन्डेसनको प्रकार

| वडा | माटो | सिमेन्ट | अन्य | जम्मा |
|---|---|---|---|---|
| १ | १७५ | १२ | ० | १८७ |
| २ | २२४ | ६ | २ | २३२ |
| ३ | ५४४ | ८१ | १३ | ६३८ |
| ४ | १४५ | १ | ४१ | १८७ |
| ५ | १८० | १ | ० | १८१ |
| ६ | २३६ | १ | १ | २३८ |

| | | | | |
|---|---|---|---|---|
| ७ | २३३ | १ | ० | २३४ |
| जम्मा | १७३५ | १०३ | ५७ | १८९७ |
| प्रतिशत | ९१.५५ | ५।४३ | ३।०१ | १०० |

स्रोतः चुमनुव्री घरधुरी सर्वेक्षण, २०७६

आधा भन्दा केही वढि अर्थात ५१.३९ प्रतिशतको घरको छाना जस्ता रहेको छ । यसैगरि २६.२२ प्रतिशतको ढुंगा/टायल तथा १६.३० प्रतिशतको काठको छानो रहेकोछ । आरसिसि गरेका घरहरू भने २४ वटा मात्र रहेका छन् जुन अधिकाश वडा ३ मा रहेका छन् । घाँस (खर) तथा माटो आदिवाट घर छाउनेको संख्या ९१ (४.२७ %) प्रतिशत रहेको छ ।

**तालिका ३.१३ः घरको छानाको प्रकार**

| वडा | जस्ता | काठ | ढुंगा/टायल | आरसिसि | घाँस तथा माटो | कुल |
|---|---|---|---|---|---|---|
| १ | ५४ | | १३१ | २ | ० | १८७ |
| २ | १६९ | ६० | ३ | | ० | २३२ |
| ३ | ३५५ | ८ | २२७ | २१ | २७ | ६३८ |
| ४ | १०८ | ७३ | ४ | | २ | १८७ |
| ५ | ४८ | १३३ | | | ० | १८१ |
| ६ | १०६ | ३५ | ३६ | | ६१ | २३८ |
| ७ | १३६ | | ९६ | १ | १ | २३४ |
| जम्मा | ९७४ | ३०९ | ४९७ | २४ | ९१ | १८९५ |
| प्रतिशत | ५१.३९ | १६.३० | २६.२२ | १.२६ | ४.२७ | १०० |

स्रोतः चुमनुव्री घरधुरी सर्वेक्षण, २०७६

## परिच्छेद- ४

## आर्थिक अवस्था

### ४.१ अर्थतन्त्रको संरचना

चुमनुब्री गाउँपालिकाको अर्थतन्त्र पर्यटन, कृषि तथा पशुपालन, उच्च मुल्यका जडीवुटी एवं वैदेशिक रोजगारीमा आधारित रहेको छ। आर्थिक वर्ष २०७५/७६ मा यहाँको कुल गार्हस्थ्य उत्पादन प्रचलित मुल्यमा रु ८३.०५ करोड रहेको अनुमान छ। यसअनुरुप प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन (अनुपस्थित जनसंख्या समेत) रु ८९,४०६ रहेको छ।

कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक क्षेत्रको योगदान ४७ प्रतिशत, द्वितीयक क्षेत्रको १७ प्रतिशत र तृतीय क्षेत्रको ३६ प्रतिशत रहेको अनुमान छ। प्राथमिक क्षेत्रमा उच्च मुल्य युक्त जडिवुटी, पशुपालन र खाद्यान्न उत्पादनको मुख्य योगदान रहे को छ। द्वितीयक क्षेत्रमा पुन निर्माण सँग सम्वन्धित कार्यहरू तथा लघु जलविद्युतको योगदान रहेको छ। उत्पादनशील उद्यो गहरूको उपस्थिती न्यून रहेको छ। तृतिय क्षेत्रमा होटेल तथा रेस्टुरेन्ट लगायत पर्यटनमा आधारित व्यवसायमा रहेका छन्। जसमध्ये पर्यटन क्षेत्रको योगदान करिव १७ प्रतिशत रहेको अनुमान छ।

**तालिका ४.१: अर्थतन्त्रको आकार**

| सूचक | इकाइ | मान |
|---|---|---|
| कुल गार्हस्थ्य उत्पादन | रु. प्रचलित मूल्यमा (करोडमा) | ८३.०५ |
| आर्थिक वृद्धिदर | आधारभुत मूल्यमा | ७.०६ ✶ |
| प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन | प्रचलित मूल्यमा | ८९४०६ |
| प्राथमिक क्षेत्रको योगदान | प्रतिशत | ४७ |
| द्धितिएक क्षेत्रको योगदान | प्रतिशत | १७ |
| तृतीय क्षेत्रको योगदान | प्रतिशत | ३६ |
| तृतीय क्षेत्रभित्र पर्यटन क्षेत्रको योगदान | प्रतिशत | १७ |

स्रोतः प्रादेशिक राष्ट्रिय आय २०७५/७६, केन्द्रीय तथ्यांक विभाग आँकडाबाट अनुमान गरिएको

### ४.२ कृषि तथा पशुपालन

#### ४.२.१ कृषि योग्य जमिनमा पहुँच

यस गाउँपालिकाको कुल क्षेत्रफल धेरै भएपनि कृषि योग्य भूभाग भने १.८२ प्रतिशत मात्र रहेको छ। आफ्नै तथा अन्यको जग्गा प्रयोग गर्ने समेतको संख्याको आधारमा १६२२ (८१ प्रतिशत) को कृषि योग्य जमिनमा पहुँच रहेको देखिन्छ भने ३८२ घरपरिवार (१९ प्रतिशत) को कुनै पनि प्रकारको कृषि योग्य जमिनमा पहुँच रहेको पाइदैन।

**तालिका ४.२: कृषियोग्य जमिनमा पहुँच**

| वडा | नभएको | भएको | जम्मा |
|---|---|---|---|
| १ | ४१ | १५५ | १९६ |
| २ | २८ | २३८ | २६६ |
| ३ | २०५ | ४६८ | ६७३ |

| | | | |
|---|---|---|---|
| ४ | ३१ | १६८ | १९९ |
| ५ | २८ | १५६ | १८४ |
| ६ | १९ | २२४ | २४३ |
| ७ | ३० | २१३ | २४३ |
| जम्मा | ३८२ | १६२२ | २००४ |
| प्रतिशत | १९ | ८१ | १००.०० |

स्रोतः चुमनुब्री घरधुरी सर्वेक्षण, २०७६

### ४.२.२ कृषि जग्गाको आकार

कृषि योग्य जग्गामा पहुँच भएका घरपरिवार मध्येको जग्गाको औषत आकार १२ रोपनी रहेको छ। वडागत रुपमा जग्गाको औसत आकार अधिकतमा वडा ७ मा १८.४६ रोपनी र त्यस पछि वडा २ मा १२.६३ रोपनी वडा १ मा १२.२९ रोपनी वडा ४ मा ८.७६ रोपनी वडा ६ मा ७.८८ रोपनी र वडा ५ मा ६.१६ रोपनी रहेको छ। सवैभन्दा कम वडा ३ मा औसत आकार ३.४७ रोपनी रहेको छ।

जग्गाको औषत आकार सन्तोषजनक रहेपनि यसको वितरण भने असमान रहेको छ। यहाँ ३२.१२ प्रतिशतको जग्गा ५ रो पनी भन्दा कम रहेको छ भने अर्को २७.७४ प्रतिशतको जग्गा ५ देखि ९ रोपनी रहेको छ। यसै गरि १० देखि १४ रोपनी हुने १५.६६, १५ देखि १९ रोपनी हुने ९.४३, २० देखि २४ रोपनी हुने ४.६२, २५ देखि २९ रोपनी हुने २.६५ र ३० भन्दा धेरै रोपनी हुने ७.७७ प्रतिशत रहेका छन्। वडागत रुपमा जग्गाको आकार र यसको वितरण सम्वन्धि विवरण तालिका ४.३ मा प्रस्तुत गरिएको छ।

**तालिका ४.३: कृषि जग्गाको आकार**

| वडा | औसत आकार (रोपनीमा) | घरपरिवार संख्या | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ५ रोपनी भन्दा कम | ५देखि ९ रोपनी | १०देखि १४ रोपनी | १५देखि १९ रोपनी | २० देखि २४रोपनी | २५ देखि २९रोपनी | ३० भन्दा धेरै | जम्मा |
| १ | १२.२९ | २१ | २४ | २९ | ३२ | १८ | १२ | १९ | १५५ |
| २ | १२.६३ | ३३ | ७१ | ५८ | २५ | २३ | २ | २६ | २३८ |
| ३ | ३.४७ | २६४ | १४३ | ४८ | ७ | २ | २ | २ | ४६८ |
| ४ | ८.७६ | ४४ | ४९ | ३४ | २९ | ५ | २ | ५ | १६८ |
| ५ | ६.१६ | ६८ | ५२ | १६ | ११ | ४ | १ | ४ | १५६ |
| ६ | ७.८८ | ५४ | ७७ | ५८ | २७ | ५ | ० | ३ | २२४ |
| ७ | १८.४६ | ३७ | ३४ | ११ | २२ | १८ | २४ | ६७ | २१३ |
| जम्मा | ८.६७ | ५२१ | ४५० | २५४ | १५३ | ७५ | ४३ | १२६ | १६२२ |
| प्रतिशत | | ३२.१२ | २७.७४ | १५.६६ | ९.४३ | ४.६२ | २.६५ | ७.७७ | १००.०० |

स्रोतः चुमनुब्री घरधुरी सर्वेक्षण, २०७६

### ४.२.३ प्रमुख बालीहरू

चुमनुव्री गाउँपालिकाको उत्तरी भेकका हिमालहरूमा प्राय बाह्र महिना हिउँ जमिरहन्छ भने दक्षिणी भेकमा खेति गर्ने गरिन्छ । यहाँ मानिसहरूले व्यवसायिक खेती प्रणाली भन्दा पनि निर्वाहमुखी खेति प्रणाली अबलम्बन गरेको पाईन्छ । हिमाली भेगमा लगाइने आलु, मकै, कोदो, जौ, उवा यहाँका प्रमुख परम्परागत वालिहरू रहेका छन् । यहाँ थौरै मात्रामा स्याउ खेति भएको देखिन्छ भने हरियो तरकारी तथा अन्य फलफुलको उत्पादन न्यून रहेको पाइन्छ ।

यस गाउँपालिकावाट संकलित तथ्याक अनुसार, यहाँ आलु सवैभन्दा वढि १५११ रोपनीमा खेती हुने गरेको देखिन्छ । गत वर्ष आलु करिव १६२ मे. ट. उत्पादन भएको अनुमान छ । मकै ९५३ रोपनीमा खेति गरि ९६.७८ मे. ट. उत्पादन भएको देखिन्छ । उवा १४१ रोपनीमा खेती गरी ९६.७८ मे ट उत्पादन भएको छ । कोदो ४.८४ मे टे उत्पादन भएको देखिन्छ । हरियो तरकारी र फलफुलको हकमा हरियो तरकारी ७.४१ मे ट र स्याउ ०.४५ मे ट उत्पादन भएको छ । हरियो तरकारी र स्याउ क्रमशः २०५ र २ रोपनीमा लगाइएको देखिन्छ । स्याउ खेती भर्खरै मात्र शुरु भएको कारण न्यून जग्गामा खेति गरिएको छ । तथापि यहाँ रहेको कुल १७००० रोपनी खेतियोग्य जमिनमा न्यून रुपमा बालिनाली लगाएको देखिन्छ । उत्पादित प्रमुख कृषि वालि मध्ये आलु तथा मकैको बिक्री गर्ने गरेको पाइन्छ ।

**तालिका ४.४ : कृषि उत्पादनको अवस्था**

| मुख्य बालीहरू | क्षेत्र (रोपनी) | उत्पादन मे.ट | विक्री मे.ट |
|---|---|---|---|
| आलु | १५११ | १६२.६५ | ७.६४ |
| मकै | ९५३ | ९६.७८ | ४५.१३ |
| कोदो | ८०८ | ४.८४ | ० |
| जौ | २४७ | ७.७१ | १.३४ |
| धान | १४१ | ९६.७८ | ० |
| हरियो तरकारी | २०५ | ७.४१ | ०.२८ |
| स्याउ | २ | ०.४५ | ०.३ |

स्रोतः चुमनुव्री घरधुरी सर्वेक्षण, २०७६

### ४.२.४ पशुपालन

यस गाउँपालिकाका ६८.२३ प्रतिशत घरपरिवारले पशुपालन मार्फत जीविकोपार्जन गरि रहेका छन् । जसमध्ये करिब ४० % घरपरिवार गाईपालनमा, घोडा खच्चड पालनमा २४.७७ प्रतिशत, कुखुरा पालनमा १९.९३ % र याक पालनमा १३.५३ प्रतिशत घरपरिवार सलग्न रहेका छन् । यसैगरि बाखा तथा भेडापालनमा १०.२३ %,र ०.६ प्रतिशत माहुरी पालनमा आवद्ध भएको देखिन्छ । वार्षिक आम्दानी को स्थिति हेर्दा सबै भन्दा बढी आम्दानी घोडा खच्चड बाट ५४.३१ लाख आम्दानी भएको छ । यसै गरि बाखा तथा भेडा पालन बाट ३२ लाख र याक वाट १८.५० लाख आम्दानी गरेको देखिन्छ ।

**तालिका ४.५ पशुपालनको अवस्था**

| पशुपालनमा आवद्ध जनसंख्या | ६८.२३ प्रतिशत | | |
|---|---|---|---|
| मुख्य पशुपालन | प्रतिशत | संख्या | आम्दानि रु |
| गाई | ४०.३५ | ४५६४ | ५,८९,००० |
| खच्चड/घोडा | २४.७७ | १०९५ | ५४,३१,००० |
| कुखुरा | १९.९३ | २६२६ | ८,४७,००० |

| | | | |
|---|---|---|---|
| कुखुरा | १९.९३ | २६२६ | ८,४७,००० |
| याक | १३.५३ | १४३० | १८,५०,०१६ |
| वाखा र भेडा | १०.२३ | ३१२२ | ३२,९५,१२५ |
| माहुरीपालन | ०.६ (१२ घरधुरी) | | |

स्रोतः चुमनुब्री घरधुरी सर्वेक्षण, २०७६

### ४.२.५ जडिवुटी र वन पैदावार

प्राकृतिक विविधताले भरिपुर्ण यस गाउँपालिकामा ७५६ प्रजातिका वोट विरुवाहरू सहित वहुमूल्य जडिवुटी पाइन्छन् । यहाँ पांच औंले, यार्सागुम्वा, जटामसी, लोठसल्ला, सुगन्धवाल, वन लसुन, निरमसीसतुवा, जस्ता विविध जडिवुटी पाइन्छन् । जडिवुटि सकलन र विकी यहाँको प्रमुख आम्दानीको श्रोत समेत रहेको छ ।

### ४.२.६ सिँचाइको अवस्था

यस गाउँपालिकामा वुढी गण्डकी लगायत ३० वटा नदीनाला रही पर्याप्त जलश्रोतको भण्डार रहेकोछ । तथापि, यहाँ व्यवस्थित सिचाई प्रणाली भएको अवस्था छैन । अधिकांस घरपरिवार खेतिपातिका लागि आकाशे पानीमा निर्भर रहन वाध्य छन् । सिंचाई तर्फ यस गाउँपालिकाको १.८२ प्रतिशत अर्थात ३००७ हेक्टर कृषियोग्य जमिन मध्ये २५ हेक्टर जमिनमा ड्रिप, स्प्रिङकल प्रणालीवाट सिंचाई सुविधा पुगेको पाइन्छ ।

### ४.२.७ खाद्य सुरक्षाको अवस्था


यस गाउँपालिकाका अधिकांश परिवारहरू कृषिमा सलग्न रहेपनि उत्पादको हिसावले कृषि तथा पशुपालन क्षेत्रमा आत्म निर्भर रहेका छैनन । १.८२ प्रतिशत मात्र भुमाग खेतियोग्य रहेको तथा परामपरागत विधि र वालिहरूको अभ्यासको कारण यहाँ उत्पादित उपजले अधिकांस परिवारलाई केहि महिना मात्र धान्ने अवस्था छ । कृषि यहाँको मुख्य पेशा भएपनि २७.६४ प्रतिशत घरपरिवारको मात्र कृषि उत्पादनले १० महिना भन्दा वढि खान पुग्ने देखिन्छ । यसैगरि ४१.७७ प्रतिशतको ४ देखि ६ महिना, २३.१० प्रतिशतको ७ देखि ९ महिना खान पुग्ने उत्पादन हुन्छ । यस्तै, ७.४९ प्रतिशत घरपरिवारको उत्पादनले ३ महिना भन्दा कम मात्र खान पुग्ने अवस्था छ ।

**तालिका ४.६ खाद्य सुरक्षाको अवस्था**

| वडा | ३ महिना सम्म | | ४ देखि ६ महिना | | ७ देखि ९ महिना | | १० महिना भन्दा माथि | | कुल | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | % | संख्या | % | संख्या | % | संख्या | % | संख्या | % |
| १ | ९ | ४.५९ | १४ | ७.१४ | ५० | २५।५१ | १२३ | ६२।७६ | १९६ | १००.०० |
| २ | १६ | ६.०२ | १३७ | ५१.५० | ८० | ३०।०८ | ३३ | १२।४१ | २६६ | १००.०० |
| ३ | ५४ | ८.०५ | २९५ | ४३.९६ | १४८ | २१।९१ | १७६ | २६।०८ | ६७३ | १००.०० |
| ४ | ३४ | १७.०९ | ६१ | ३०.६५ | ६९ | ३४।६७ | ३५ | १७।५९ | १९९ | १००.०० |
| ५ | ७ | ३.८० | १०८ | ५८.७० | ६४ | ३४।७८ | ५ | २।७२ | १८४ | १००.०० |
| ६ | २७ | ११.११ | २०२ | ८३.१३ | १३ | ५।३५ | १ | ०।४१ | २४३ | १००.०० |
| ७ | ३ | १.२३ | २० | ८.२३ | ३९ | १६।०५ | १८१ | ७४।४९ | २४३ | १००.०० |
| जम्मा | १५० | ७.४९ | ८३७ | ४१.७७ | ४६३ | २३।१० | ५५४ | २७।६४ | २००४ | १००.०० |

स्रोतः चुमनुब्री घरधुरी सर्वेक्षण, २०७६

चित्र ४.१ खाद्य सुरक्षाको अवस्था




## ४.३ उद्योग र व्यापार

### ४.३.१ आर्थिक प्रतिष्ठान

केन्द्रिय तथ्यांक विभागका अनुसार यहाँ कुल २१७ आर्थिक प्रतिष्ठानहरू रहेका छन् । यी आर्थिक प्रतिष्ठानहरूमा जम्मा ११०९ जनाले रोजगारी पाएको अनुमान छ । यस गाउँपालिकाबाट संकलित तथ्याक अनुसार यहाँ कुल २१ वटा उद्यो गहरू रहेका छन् । यसमा जलविद्युत १२ (निर्माणाधिन समेत), खाद्यान्य ९, फर्निचर काठ उधोग १ र अन्य २ रहेका छन् । यस अनुसार वाकि आर्थिक प्रतिष्ठानहरू होटेल, रिसोर्ट, रेष्टुरेष्ट तथा पसल रहेको देखिन्छ ।

**तालिका ४.७ आर्थिक प्रतिष्ठानको संख्या**


| आर्थिक प्रतिष्ठान | संख्या | २१७ |
|---|---|---|
| रोजगार | संख्या | ११०९ |
| महिला | | ५१५ |
| पुरुष | | ५९४ |

स्रोत: आर्थिक सर्वेक्षण २०७५, केन्द्रिय तथ्यांक विभाग

### ४.३.२ होटेल, रिसोर्ट तथा रेष्टुरेन्ट

यस गाउँपालिकामा ८२ वटा होटेल, २१ रेष्टुरेन्ट, १९ होमस्टे र ५ वट रिसोर्ट रहेका छन् । यहा कुल गाह्रस्थ्य उत्पादनमा पर्यटनक्षेत्रको योगदान १७ प्रतिशत रहको छ ।

चित्र ४.२: होटेल तथा रेष्टुरेष्टको अवस्थिति




## ४.४ पर्यटन


पर्यटन यहाँको अर्थतन्त्रको मुख्य आधार रहेको छ । प्राकृति र सास्कृतिक विविधता यहाँको पर्यटनको मुख्य आधार हो । मनाश्लु संरक्षणक्षेत्रमा रहेको यो गाउँपालिकामा मनाश्लु, श्रृङ्गी लगायतका १४ वटा हिमश्रृङ्खलाहरू, लार्के, ग्या र ला पास जस्ता प्रशिद्ध पदमार्ग पर्दछन् । यसका अतिरिक्त अन्य दर्शनीय स्थलहरूमा छेकम्पार, सामा जस्ता उपत्यका र काल ताल र वीरेन्द्र ताल, तीनवटा महत्वपूर्ण झरना, रहेकाछन् । जैविक विविधताले सम्पन्न यस गाउँपालिकामा अति दुर्लभ खैरेभालु र हिम चितुवा, निलभेडा, थार जस्ता महत्वपूर्ण जनावर रहेकाछन ।

सांस्कृतिक विविधता र धरोहर समेत यस गाउँपालिकाको विशिष्ट पहिचानको रुपमा रहेको छ । गुरुङ, भोटे, लामा, क्षेत्री, दलित र घले जातीको बसोबास रहेको यस गाउँपालिकामा जनजातिहरूको बाहुल्यता रहेको छ । अन्तराष्ट्रिय स्तर मा नै प्रख्यात सेराङ्गी गुम्बा, मु गुम्बा, राजेन गुम्बा, गुम्बा लुङराङ, ल्हो गुम्बा, हिनाङ गुम्बा, स्याला गुम्बा लगायत विभिन्न गुम्बाहरू यहाँ रहेका छन । यस गाउँपालिकामा ६४ वटा प्राचीन गुम्वा छन् । अति प्राचीन महत्वपूर्ण राजन गुम्वा, सेराङ गुम्वा समेत यसपालिका भित्र रहेका छन् । यहांका मौलिक सस्कृति, कला र रीतिरिवाज पर्यटकीय आकर्षण र अनुसन्धानका लागि महत्वपूर्ण छन।यो क्षेत्र प्राकृतिक र सास्कृतिक सम्पदाको लागि “लुकेको खजाना” को रुपमा चिनिन्छ । २०७२ सालको भूकम्पले ४८ वटा गुम्वा, ऐतिहासिक १०८ जोड्छे धारा, नागपोखरी लगायत विभिन्न पर्यटन पूर्वाधार क्षतिग्रस्त भएकोमा पूनर्निर्माणको कार्य थालनी भएको छ ।


यहाँको प्रमुख गुम्वा तथा मानेका विवरण चित्र ४.३ मा प्रस्तुत गरिएको छ ।

चित्र ४.३: प्रमुख र प्रसिद्ध गुम्बा तथा मानेहरू

## चित्र ४.३: प्रमुख र प्रसिद्ध गुम्बा तथा मानेहरू




## चित्र ४.४: पर्यटकीय मार्गहरू



## ४.५ वित्तीय पहुँच

वित्तीय सस्थाको सस्थागत उपस्थितीको आधारमा हाल दुईवटा सहकारी संस्था सञ्चालनमा रहेकाछन् । यहाँएउटा बैक र एउटा वित्तीय संस्था सञ्चालनमा रहेका छन् । आमा समूह लगायत अनौपचारिक ढिकुटी प्रणालीहरू पनि प्रचलनमा रहेका पाइन्छन् । समुदायमा आधारित ससाना समूहहरूमा अनौपचारिक रुपमा वचत तथा ऋण परिचालन हुनेगरेको अवस्था छ ।

यसै गरी वित्तिय पहुचको आधारमा करिव १७.४८ प्रतिशत घरमुलिको वैकमा खाता रहेकोछ । कुल पुरुष घरमुलि (१५६७ जना) मध्ये १९.०८ प्रतिशत (२९९ जना) र महिला घरमुलि (४३५ जना) मध्ये ११.७२ प्रतिशत (५१ जना) को मात्र वैक तथा वितिय सस्थामा खाता रहेको देखिन्छ ।

**तालिका ४.८ः घरमुलिको वित्तिय पहुँचको अवस्था-खाता भएको**

| वडा | खाता हुने महिला घरमुलि | खाता हुने पुरुष घरमुलि | जम्मा |
|---|---|---|---|
| १ | ६ | २१ | २७ |
| २ | ६ | २७ | ३३ |
| ३ | १२ | ८० | ९२ |
| ४ | ५ | ४० | ४५ |
| ५ | ३ | ७ | १० |
| ६ | २ | २१ | २३ |
| ७ | १७ | १०३ | १२० |
| जम्मा | ५१ | २९९ | ३५० |
| प्रतिशत | ११.७२ | १९.०८ | १७.४८ |

स्रोतः चुमनुव्री घरधुरी सर्वेक्षण, २०७६

## ४.६ श्रमशक्ति र रोजगारीको अवस्था

### ४.६.१ श्रमका लागि योग्य जनसंख्या

यस गाउँपालिको कुल जनसंख्या ९२८९ मध्ये ५४३५ (५८.५१ प्रतिशत) जनसंख्या काम गर्ने उमेर समूह (१६ देखि ६० वर्ष सम्म) वा श्रमका लागि योग्य रहेकाछन् । यस जनसंख्या मध्ये ४१४४ जना (७६.२५ प्रतिशत) हाल रोजगारमा रहेका छन् भने ११७३ जना (२१.५८ प्रतिशत) अध्ययन गरिरहेका छन् । काम गर्ने उमेर समूह मध्ये ११८ जना (२.१७ प्रतिशत) भने वेरोजगार रहेका छन् । यस आकाडामा गाउँपालिका भन्दा वाहिर वस्ने (देश भित्र अन्य स्थानमा वा देश वाहिर वस्ने) समेत जोडिएको छ भने रोजगार वा वेरोजगारको तथ्याक उत्तरदाताको उत्तरका आधारमा गणना गरिएको छ ।

**तालिका ४.९ श्रमयोग्य जनसंख्याको वितरण**

| वडा | रोजगार | विधार्थी | वेरोजगार | जम्मा |
|---|---|---|---|---|
| १ | ३७९ | ७३ | ७ | ४५९ |
| २ | ५५५ | १३६ | २१ | ७१२ |
| ३ | १,४१५ | २९६ | २० | १,७३१ |
| ४ | ३६६ | १५८ | ३ | ५२७ |
| ५ | ३१७ | ८६ | ३ | ४०६ |

| | | | | |
|---|---|---|---|---|
| ६ | ५०१ | १७२ | ४७ | ७२० |
| ७ | ६११ | २५२ | १७ | ८८० |
| जम्मा | ४,१४४ | १,१७३ | ११८ | ५,४३५ |
| प्रतिशत | ७६.२५ | २१.५८ | २.१७ | १००.०० |

स्रोतः चुमनुव्री घरधुरी सर्वेक्षण, २०७६

## ४.६.२ मुख्य पेशा

हाल रोजगारमा सम्लग्न ४१४४ जना मध्ये अधिकास कृषि क्षेत्रमा सलग्न रहेका छन् । यस क्षे त्रमा६८.९९ प्रतिशत श्रमिक रहेका छन् । यसैगरि ९.३९ प्रतिशत दैनिक ज्यालादारी मजदुरीमा, ७.४३ प्रतिशत नियमित जागिरमा, ३.५० प्रतिशत वैदेशिक रोजगार, ३.०९ प्रतिशत उद्योग तथा व्यापारमा र करिव ७ प्रतिशत विभिन्न अन्य पेशामा आवद्ध छन् । यी आकाडा अनुसार उल्लेख्य श्रमशक्ति कृषि क्षेत्रमा आवद्ध भएको देखिन्छ । पुन निमार्ण लगायत अन्य निमार्ण कार्यमा देनिक ज्यालादारी मजदुरीको खपत भएको मान्न सकिन्छ ।

**तालिका ४.१०: रोजगारीको अवस्था (१५ देखि ६० वर्ष उमेर समूहको, प्रतिशतमा)**

| वडा | कृषि | दैनिक ज्यालादारी मजदुर | नियमित जागिर | वैदेशिक रोजगार | उघोग तथा व्यापार | अन्य | कुल |
|---|---|---|---|---|---|---|---|
| १ | २५२ | ७ | ३९ | २ | १२ | ६७ | ३७९ |
| २ | १८८ | १३५ | ८३ | २ | २६ | १२१ | ५५५ |
| ३ | १,०१४ | १६९ | ९२ | ८२ | ४६ | १२ | १,४१५ |
| ४ | २३७ | २८ | ३३ | २२ | २५ | २१ | ३६६ |
| ५ | २८१ | ११ | १० | ३ | २ | १० | ३१७ |
| ६ | ४३३ | ३८ | १२ | ६ | १२ | ० | ५०१ |
| ७ | ४५४ | १ | ३९ | २८ | ५ | ८४ | ६११ |
| जम्मा | २,८५९ | ३८९ | ३०८ | १४५ | १२८ | ३१५ | ४,१४४ |
| प्रतिशत | ६८.९९ | ९.३९ | ७.४३ | ३.५० | ३.०९ | ७.६० | १००.०० |

स्रोतः चुमनुव्री घरधुरी सर्वेक्षण, २०७६

### ४.६.३ सीपमूलक तालिम

यस गाउँपालिकाको जनसंख्याको निकै न्यून संख्याले मात्र सीप सम्वन्धि तालिम लिएको देखिन्छ । घरधुरी सर्वेक्षण अनुसार कुल ३४७ जनाले विभिन्न सीपमुलक तालिम लिएको देखिन्छ । यसमा आर्ट तथा पेन्टिन सग सम्वन्धित १२४ जना, निर्माण सगँ सम्वन्धित ४० जना, स्वास्थ्य सम्वन्धि तालिम लिने ४३ जना, पर्यटन सगँ सम्वन्धित ३० जना र कृषि तालिम लिने २३ जना रहेका छन् । यसै गरि अन्य तालिममा पशु भेटनरी १३ जना, सिलाई वुनाई  ८ जना, कम्पूटर ८ जना, इन्जिनियर िङ् ४ जना, वन सम्वन्धि ४ जना र अन्य विभिन्न प्रकारका ५० जना रहेका छन् ।

**तालिका ४.११ सिपमुलक तालिम लिएको जनशक्ति**

| तालिमको प्रकार | संख्या |
|---|---|
| आर्ट तथा पेन्टिन | १२४ |
| निर्माण | ४० |
| स्वास्थ्य | ४३ |
| पर्यटन | ३० |
| कृषि | २३ |
| पशु भेटनरी | १३ |
| सिलाई वुनाई | ८ |
| कम्प्युटर | ८ |
| इन्जिनियरिङ | ४ |
| वन | ४ |
| अन्य | ५० |

स्रोतः चुमनुव्री घरधुरी सर्वेक्षण, २०७६

## ४.७ आम्दानी र खर्च

यस गाउँपालिको एक परिवारको औषत वार्षिक आम्दानी  रु १५०,३६४ रहेको छ । यसैगरि मध्यक (मिडिएन) आम्दानी भने ९०,००० मात्र रहेको छ। यसको अर्थ ५० प्रतिशत परिवारको आम्दानी रु ९०,००० वा सो भन्दा कम रहेको छ। परिवारको वार्षिक औषत खर्च आम्दानी भन्दा केहि कम रु १३५,९८९ रहेको छ। मध्यक खर्च भने मध्यक आम्दानी जति नै रु ९०,००० रहेको छ।

**तालिका ४.१२ औसत आम्दानी र खर्च (प्रति परिवार प्रति वर्ष)**

| सुचक | औसत | मध्ययक |
|---|---|---|
| आम्दानी | १५०,३६४ | ९०००० |
| खर्च | १३५९८९ | ९००० |

## ४.८ गरिबीको अवस्था

पूर्णिमा परियोजनाबाट गरिएको सर्वेक्षण अनुसार कुल २२७४ परिवार संख्या रहेकोमा २४८ घरपरिवारहरू (१०.९० प्रतिशत) अति गरिवको रुपमा पहिचान भएका छन् । कुल जनसंख्या मध्ये ७८३ जना अति गरिव रहेका छन् । यो कुल जनसंख्याको ३.१६ प्रतिशत हुन आउँछ।

**तालिका ४.१३ गरिवीको अवस्था**

| वडा नं. | घरपरिवार संख्या | जनसंख्या | अति गरीव घरपरिवार संख्या | अति गरीव जनसंख्या | अति गरीव जनसंख्या प्रतिशत |
|---|---|---|---|---|---|
| १ | २२५ | ७३७ | २७ | ६४ | ३.६६ |
| २ | ३३४ | ८४१ | ९ | १९ | १.०७ |
| ३ | ७२२ | २५५३ | ८६ | ३११ | ३.३७ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | २१० | ६८७ | १७ | २६ | २.४७ |
| ५ | २४८ | ८६५ | २० | ४८ | २.४० |
| ६ | २७० | १००७ | ५८ | १९४ | ५.७६ |
| ७ | २६५ | ११९६ | ३१ | १२१ | २.५९ |
| जम्मा | २२७४ | ७८५६ | २४८ | ७८३ | ३.१६ |

स्रोतः पूर्णिमा परियोजना, २०७५

यस आम्दानीमा आफैले उत्वपादन गरि उवभोग गरेको वस्तु तथा सेवाको मुल्य समावेश गरिएको छैन ।नगद आम्दानी मात्र समावेश भएको छ। यसकारण खण्ड ४.१ को प्रति व्यक्ति कुल गाहस्थ्य उत्पादन सग मेल खादैन ।

# परिच्छेद- ५

# भौतिक पूर्वाधारको स्थिति

## ५.१ यातायात

### ५.१.१ सडक यातायात

पर्यटकीय महत्वको यस भेगको यातायात घोडेटो, गोरेटो बाटोहरूमा निर्भर रहेको छ। यहाँका मुख्य स्थानहरूमा पुग्नका लागि सामान्यतया ५ देखि ७ दिन सम्म पैदलै हिड्नुपर्ने अवस्था रहेको छ । हालसम्म सडक सञ्जालमा नजोडिएको भएपनि केन्द्रीय योजना अन्तर्गत आरुघाटबाट लार्के पाससम्म रणनीतिक सडक निर्माणाधिन रहेको छ । धार्चे-जगत-सिर्दिबास-लार्के पास (१३५ कि.मी) रणनैतिक सडक सघिय सरकारवाट निर्माण भईरहेको छ। प्रदेश सरकार अन्तरगत निर्माणाधिन छेकम्पार-मुगुम्बा-तिब्बत सिमा सम्मको ३७ कि.मी सडक मध्ये १०कि.मी. ट्र्याक खुलेको अवस्था छ ।यसैगरि रोयला भञ्ज्याङ-सामागाउँ १३ कि.मी. सडक प्रदेश सरकार वाट प्रस्तावित रहेको छ ।

### ५.१.२ घोडेटो तथा गोरेटो वाटो

चुमनुब्री गाउँपालिकामा हालसम्म झण्डै २५५ कि.मि.घोडेटो बाटो सञ्चालनमा रहे पनि करिव १५० कि.मि.मात्र र म्रोसँग सञ्चालनमा छन् । नेपाल सरकार, गैह्रसरकारी निकाय, दातृ निकाय र स्थानीय तहबाट निर्मित २७ वटा झो.पु., ३० वटा काठेपुल र ४ वटा ट्रस ब्रिजहरूबाट आवागमन सुचारू भएको छ। प्रत्येक वडामा हेलिप्याड रहेको छ। हाल संचालनमा रहेका अधिकाँस घोडेटो बाटोहरूको पनि छिटो भन्दा छिटो स्तरोन्नति गर्नुपर्ने देखिन्छ।करिव ३५ वटा नदीनालाहरूको विभिन्न खण्डमा नदी पार गर्न थप निकै पुलहरूको आवश्यकता देखिन्छ। यहाँको रणनैतिक सडक, गोरेटो तथा धोडेटो, झोलुङ्गे पुल लगायतको विवरण चित्र ५.१ मा प्रस्तुत गरिएको छ ।


मोटर वाटो नपुगेको कारण गोरेटो र घोडेटो वाटोमा यहाँको यातायात निर्भर छ। घरधुरीको पहुँचको हिसावले १६५१ घरमा गोरेटो (८२.४६ प्रतिशत) , ३५० घरमा घोडेटो (१७.४८ प्रतिशत) र १ घरमा वाटोको पहुँच नपुगेको देखिन्छ ।

**तालिका ५.१ मुख्य वाटो र पहुँचको अवस्था (घरपरिवारको संख्या)**

| वडा नं. | गोरेटो | घोडेटो | नभएको | जम्मा |
|---|---|---|---|---|
| १ | १९६ | | | १९६ |
| २ | १३६ | १३० | | २६६ |
| ३ | ६६० | ११ | | ६७१ |
| ४ | १९९ | | | १९९ |
| ५ | १८४ | | | १८४ |
| ६ | १३२ | ११० | १ | २४३ |
| ७ | १४४ | ९९ | | २४३ |
| जम्मा | १६५१ | ३५० | | २००२ |
| प्रतिशत | ८२.४६ | १७.४८ | ०.०४ | १००.०० |

स्रोतः चुमनुव्री घरधुरी सर्वेक्षण, २०७६

**चित्र ५.१ यातायात सञ्जालको अवस्था**




## ५.२ सूचना प्रविधि तथा सञ्चार क्षेत्रको अवस्था

यस गाउँपालिकाको सवै वडामा सि. डि. एम ए फोनको पहुँच रहेको छ, भने जि. एस. एम मोवाईलको पहुँच निकै कम स्थानमा मात्र प्रभावकारी रहेको अवस्थाछ । मोवाइल फोनमार्फत ईन्टरनेट सेवामा पहुँच निकै न्यून मात्रामा रहेको छ । यस गाउँपालिकामा स्काइ मोबाइल सेवाका साथै ई.लिंक, सु.बि.सु, गोर्खा जस्ता इन्टरनेट सेवा प्रदायक रहेका पाइन्छन्। गाउँपालिकाको मुख्य मुख्य (करिव १३ स्थानमा) सी. डी . एम ए फोन र केही स्थानमा हुलाकको पनी ब्यबस्थाछ ।

सुचना तथा सन्चारमा पहुँचको आधारमा ५१.८९ प्रतिशत घरपरिवार सगँ टेलिफोन रहेको छ । यसैगरि १६.५१ प्रतिशत घर परिवार सगँ टेलिभिजन, १९९ प्रतिशत सग रेडियो रहेको छ । कम्प्युटर (०.६४ %) र ईन्टरनेट (१.७४%) मा पहुँच र उपयो ग न्यून रहेकोछ ।

**तालिका ५.२ सुचना तथा सन्चारमा पहुच (घरधूरीको संख्या)**

| वडा नं. | रेडियो | टेलिभिजन | टेलिफोन | कम्पूटर | इन्टरनेट |
|---|---|---|---|---|---|
| १ | १३ | १७ | १४६ | १ | ३ |
| २ | १ | २० | १७१ | २ | २ |
| ३ | ७ | १३३ | २३३ | ६ | १२ |
| ४ | - | २१ | १४५ | १ | ६ |
| ५ | - | ५ | ७० | १ | १ |
| ६ | १० | ७ | ७८ | १ | ४ |
| ७ | ९ | १२८ | १९७ | १ | ७ |
| जम्मा | **४०** | **३३१** | **१०४०** | **१३** | **३५** |
| प्रतिशत | १.९९ | १६.५१ | ५१.८९ | ०.६४ | १.७४ |

स्रोतः चुमनुव्री घरधुरी सर्वेक्षण, २०७६

## ५.३ प्रकाशको स्रोत तथा विद्युत्

माईको हाइड्रो यहाँको विद्युतको प्रमुख स्रोत रहेका छ। कुनैपनि वडा राष्ट्रिय विद्युत प्रसारण प्रणालीमा आवद्ध भएका छैनन्। यहाँ ६ वटा सचालित माइको हाइड्रो सन्चालित रहेका छन् भने ६ वटा निर्माणाधिन रहेका छन्। यस गाउँपालिकामा वुढी गण्डकी लगायत ३० वटा नदीनाला रहेकाले यहाँ पर्याप्त जलश्रोतको सम्भावना रहेको देखिन्छ।


यस गाउँपालिकाका घरधुरी मध्ये ५१.८९ प्रतिशत घरधुरीमा लघु जलविद्युत मार्फत बिजुली पुगेको छ। यसैगरि उल्लेख्य मात्रमा अर्थात ४६.४० प्रतिशत घरमा सोलार मार्फत बत्तिको प्रयोग गर्ने देखिन्छ। मट्टितेल लगायत अन्य स्रोत मार्फत प्रकाश प्राप्त गर्ने घरपरिवार मने करिव १.६९ प्रतिशत रहेका छन्। वडा ३, ४ र ५ को लघु जलविद्युत प्रति तुलानात्मक रुपमा वढि उपभोक्ताको पहुँच रहेको देखिन्छ।

**तालिका ५.३ जलविद्युत र सोलारमा पहुँचको अवस्था**

| वडा नं. | विद्युत | सोलार | अन्य | जम्मा |
|---|---|---|---|---|
| १ | ३० | १६६ | | १९६ |
| २ | २ | २६३ | १ | २६६ |
| ३ | ५८४ | ६८ | २१ | ६७१ |
| ४ | १०१ | ९७ | १ | १९९ |
| ५ | १५३ | २८ | ३ | १८४ |
| ६ | ७३ | १६२ | ८ | २४३ |
| ७ | ९८ | १४५ | | २४३ |
| जम्मा | १०४१ | ९२९ | ३४ | २००२ |
| प्रतिशत | ५१.८९ | ४६.४० | १.६९ | १००.०० |

स्रोतः चुमनुव्री घरधुरी सर्वेक्षण, २०७६

चित्र ५.२ : लघु जलविद्युतको अवस्थिति




## ५.४ खाना पकाउने इन्धनको स्रोत

यसैगरी खाना पकाउन दाउराको प्रयोग अत्यधिक मात्रामा छ। यहाँका ९६.९० प्रतिशत घरपरिवार दाउरामा निर्भर रहेका छन्। खाना पकाउनको लागि वैकल्पिक ईन्धनको प्रयोग ज्यादै न्युन छ। केवल १.६४ प्रतिशत परिवार ले एल.पी ग्याँस को उपभोग गरेको देखिन्छ। त्यसै गरि गुईठा, मट्टितेल लगायत अन्य ईन्धनको प्रयोग गर्ने परिवार १.४४ प्रतिशत रहेको छ।

तालिका ५.४ : खाना पकाउन प्रयोग हुने ईन्धनको अवस्था

| वडा नं. | दाउरा | एल पि ग्यास | मटितेल र अन्य | जम्मा |
|---|---|---|---|---|
| १ | १९४ | २ | | १९६ |
| २ | २६३ | ३ | | २६६ |
| ३ | ६४६ | २४ | ३ | ६७३ |
| ४ | १९९ | | | १९९ |
| ५ | १८० | ४ | | १८४ |
| ६ | २४३ | | | २४३ |
| ७ | २१७ | | २६ | २४३ |
| जम्मा | १९४२ | ३३ | २९ | २००४ |
| प्रतिशत | ९६.९० | १.६४ | १.४४ | १००.०० |

स्रोतः चुमनुव्री घरधुरी सर्वेक्षण, २०७६

५.५ खानेपानी

पाइपवाट वितरण तथा खोला र मुलको पानी यहाँको खानेपानीको मुख्य स्रोतको रुपमा रहेको छ। यस गाउँपालिकामा ८७.६६ % घर परिवार पाईप मार्फत आउने पानी  पिउछन्।  जसमा करिव आधा घरपरिवार (४८.५० प्रतिशत) सार्बजनिक धारामा पहुँच रहेको छ भने ३९.१६ प्रतिशतको आफनै घर परिसरमा धारा जडित छन् ।यस वाहेक करिव ११.८३ प्रतिशत अझै पनि मुल वा खोलाको पानीमा निर्भर रहेका छन्। वडा २ का घरपरिवार तुलनात्मक रुपमा यसतो स्रोतमा निर्भर रहेको देखिन्छ।

**तालिका ५.५: खानेपानीको अवस्था**

| वडा नं. | सार्वजनिक धारा | कम्पाउन्ड भित्रको धारा | नदी तथा मुल | अन्य स्रोत | जम्मा |
|---|---|---|---|---|---|
| १ | १७० | ५ | २१ | ० | १९६ |
| २ | १३५ | ४ | १२७ | ० | २६६ |
| ३ | १४७ | ५२१ | २ | ३ | ६७३ |
| ४ | १२८ | ५६ | १३ | २ | १९९ |
| ५ | १२३ | २७ | ३२ | २ | १८४ |
| ६ | ८९ | ११० | ४१ | ३ | २४३ |
| ७ | १७९ | ६१ | ३ | ० | २४३ |
| जम्मा | ९७१ | ७८४ | २३७ | १० | २००४ |
| प्रतिशत | ४८.५० | ३९.१६ | ११.८३ | ०.४९ | १०० |

स्रोतः चुमनुब्री घरधुरी सर्वेक्षण, २०७६

**५.६ सरसफाइको स्थिति**

सरसफाईतर्फ यस गाउँपालिका अझै पनि २६.३७ (५२८ घरपरिवार) सँग कुनै पनि प्रकारको ट्वाइलेट नभएको अवस्था छ। आधा जसो घरपरिवार अर्थात ५०.६९ प्रतिशतसंग साधारण खाल्डे चर्पि रहेको छ भने २२.९२ प्रतिशतको घर मा सेफिट टैंक सहितको चर्पि रहेको छ। तुलनात्मक रुपमा वडा २ मा धैरै परिवारको घरमा चर्पि नभएको अवस्था छ।

**तालिका ५.६: शौचालयमा पहुँचको अवस्था**

| वडा नं. | साधारण खाल्डे | सेफटि टैक सहितको | शौचालय नभएको | जम्मा घर परिवार |
|---|---|---|---|---|
| १ | १०६ | ४ | ८६ | १९६ |
| २ | ८६ | १७ | १६३ | २६६ |
| ३ | ४६५ | १७५ | ३३ | ६७३ |
| ४ | १०५ | ५ | ८९ | १९९ |
| ५ | ९५ | २७ | ६२ | १८४ |
| ६ | १४३ | २६ | ७४ | २४३ |
| ७ | १७ | २०५ | २१ | २४३ |
| जम्मा | १०१५ | ४५९ | ५२८ | २००४ |
| प्रतिशत | ५०.६९ | २२.९२ | २६.३७ | १००.०० |

स्रोतः चुमनुब्री घरधुरी सर्वेक्षण, २०७६

## ५.७ भवन आवास बस्ती विकास तथा सामाजिक पूर्वाधार

चुमनुब्री गाउँपालिकामा २५ वटा विद्यालय भवन, ५ वटा वडा कार्यालय भवन, ११ वटा स्वास्थ्य संस्था भवन, ६ वटा प्रहरी चौकी, एउटा सभागृह, सात वटा सामुदायिक भवन तथा ४ वटा सरकारी भवन रहेका छन् । गाउँपालिकामा जगत, सल्लेरी, फिलिम, चिसापानी चुमलिंङ,छेकम, छेकमपार (निले छुले) न्याक लोक्पा, बिही फेदी, नामराङ (पोर्क) साम्दो र सामागाउँ जस्ता स-साना बजार केन्द्रहरू रहेकाछन् ।


यस गाउँपालिकाको घरधुरी सर्वेक्षण अनुसार १२.५७ प्रतिशत घरपरिवारलेमात्र मापदण्ड अनुसार घर निर्माण गरेको वताएका छन् । खासगरि भुकम्प पश्चात पून निर्माण गरिएका घरहरू मापदण्ड अनुसार वनेको मान्न सकिन्छ । यसैगरि ४७.६० प्रतिशत घरपरिवारले मापदण्ड अनुसार नभएको र ३९.२० प्रतिशतले थाहा नभएको वताएका छन् ।

**तालिका ५.७ विल्डिङ कोड अनुसार निर्माण भएका घरहरू**


| वडा नं. | भएको | नभएको | थाहा छैन | जम्मा |
|---|---|---|---|---|
| १ | १३ | १८२ | १ | १९६ |
| २ | २ | | २६४ | २६६ |
| ३ | १४४ | ३७४ | १५५ | ६७३ |
| ४ | ११ | ६६ | १२२ | १९९ |
| ५ | ३ | २५ | १५६ | १८४ |
| ६ | ३ | १५५ | ८५ | २४३ |
| ७ | ७६ | १५२ | १५ | २४३ |
| जम्मा | २५२ | ९५४ | ७९८ | २००४ |
| प्रतिशत | १२.५७ | ४७.६० | ३९.२० | १०० |

स्रोत: चुमनुब्री घरधुरी सर्वेक्षण, २०७६

**चित्र ५.३ सरकारी कार्यालयहरू भएका स्थानहरू**



**चित्र ५.४ : गाउँपालिकामा रहेका अन्य महत्वपूर्ण कार्यलयहरू**





## ५.८ भूकम्प र पुनर्निर्माण

२०७२ को भूकम्पवाट २८ घरभएको घट्टेखोलाको वस्ती जोखिममा परेको थियो । यसैगरि, गाँपाका भएका २५ वटा बिद्यालय, ९ वटा स्वास्थ्य संस्था, तथा १८ वटा सामुदायिक सहकारी भवन, १३ वटा भने सरकारी भवन र ४४ वटा पुर ातात्वीक सम्पदा क्षतिग्रस्त भएकोमा उक्त संरचनाहरू निर्माणाधिन अवस्थामा रहेका छन् ।

नेपाल पुनर्निर्माण प्राधिकरणका अनुसार भूकम्पवाट कूल २७५० नीजि संरचनामा क्षति पुगेको थियो । आवासिय पुननिर्माणको लागि कुल २२६८ घरधुरीहरू सहयोगका लागि योग्य देखिएका थिए । यी मध्ये १९७० घरपरिवारले अनुदानको लागि सम्झौता गरेकाछन् । हाल सम्म १९७० जनाले पहिलो किस्ता, १६२६ जनाले दोस्रो किस्ता र १४६७ परिवारले तेस्रो किस्ता समेत लिएको अवस्था छ । यस अनुसार करिव ७५ प्रतिशतले (सम्झौता भएका घरको आधारमा) पून निर्माण कार्य सम्पन्न गरेका छन् ।

**चित्रः ५.५ आवासीय घरहरूको स्थिति**



## परिच्छेद- ६

## सामाजिक अवस्था

### ६.१ शैक्षिक तथा मानव संसाधन विकास

#### ६.१.१ साक्षरता

गाउँपालिकावाट हालै सकलित विवरण अनुसार पाच वर्ष भन्दा माथिजम्मा ८५४० जना मध्ये ७१.२२ प्रतिशत जनसंख्या साक्षर (पढ्न र लेख्न जान्ने) रहेकाछन् । उमेरगत आधारमा ५–१४ वर्ष उमेर समूहका ९७.३६ प्रतिशत, १५–५९ उमेर समूहको ६८.५८ प्रतिशत र ६० बर्ष वा सो भन्दा माथिको उमेर समूह २३.४२ प्रतिशत साक्षर रहेका छन् । यो उमेर समूहका कुल पुरुष जनसंख्या मध्ये ७७.९० प्रतिशत पुरुष साक्षर रहेका छन भने महिलाको हकमा यो संख्या ६४.५१ प्रतिशत मात्र रहेकोछ । १५देखि ५९ वर्ष समूहमा ७७.१३ प्रतिशत पुरुष साक्षर रहेका छन् भने ५९.८४ प्रतिशत महिला मात्र साक्षर रहेका छन् । यसैगरि ६० वर्ष भन्दा माथिको उमेर समूहमा ३१.०९ प्रतिशत पुरुष र १६.४० प्रतिशत महिला साक्षर रहेका पाइन्छन् ।

**तालिका ६.१. साक्षरता विवरण (प्रतिशतमा)**

| उमेर समुह | पूरुष | महिला | जम्मा |
|---|---|---|---|
| ५–१४ वर्ष | ९८.१६ | ९६.५७ | ९७.३६ |
| १५–५९ बर्ष | ७७.१३ | ५९.८४ | ६८.५८ |
| ६० वा सो भन्दा माथि | ३१.०९ | १६.४० | २३.४२ |
| औषत | ७७.९० | ६४.५३ | ७१.२२ |

स्रोतः चुमनुव्री घरधुरी सर्वेक्षण, २०७६

वडागत आधारमा १५ वर्ष भन्दा माथि उमेर समूहको साक्षरतामा वडा ५ मा अत्यन्त न्युन अर्थात ३९.५२ प्रतिशत मात्र साक्षर रहेको देखिन्छ । वडा ६ मा ५६.८६ प्रतिशत साक्षर र वडा १ मा ६०.६ प्रतिशत साक्षर रहेका छन् । वडा ७मा सवै भन्दा वढि ८०.३४ प्रतिशत साक्षर रहेका छन् । समग्रमा १५ वर्ष माथिको जनसंख्या मध्ये अझैपनि ३६.१५ प्रतिशत निरक्षर रहेका पाइन्छन् ।

**तालिका ६.२ः वडागत आधारमा साक्षरताको अवस्था (१५ वर्ष माथिको)**

| वडा नं. | १५ वर्षमाथिको जनसंख्या | साक्षर जनसंख्या | साक्षरप्रतिशत |
|---|---|---|---|
| १ | ५७१ | ३४६ | ६०.६ |
| २ | ८८१ | ५७६ | ६५.३८ |
| ३ | २,०३३ | १,३०४ | ६४.१४ |
| ४ | ६३१ | ४०१ | ६३.५५ |
| ५ | ४५८ | १८१ | ३९.५२ |
| ६ | ८६७ | ४९३ | ५६.८६ |
| ७ | १,०४८ | ८४२ | ८०.३४ |
| जम्मा | ६४८९ | ४१४३ | ६३.८५ |

स्रोतः चुमनुव्री घरधुरी सर्वेक्षण, २०७६

### ६.१.२ औपचारिक शिक्षा

पांच बर्ष भन्दा बढि उमेर समूहमा पर्ने ८३२२ जनामध्ये ४१८० (५०.२२ प्रतिशत) जनाले औपचारिक शिक्षा लिएको देखिन्छ। औपाचारिक शिक्षा लिइका मध्ये आधारभूत तहको अध्ययन गरेको जनसंख्या अधिक (५९.५२ प्रतिशत) छ। यसैगरि माध्यमिक तहको तहको २१.२० प्रतिशत र पूर्व प्राथमिक तहको अध्ययन १५.३१ प्रतिशतले गरेका छन्। प्राविधिक एस एल सी जम्मा ४ जनाले मात्र गरेको अवस्था छ भने स्नातक वा सो भन्दा माथिको शिक्षा (लामा शिक्षा समेत)३.८५ प्रतिशतले गरेका छन्।

**तालिका ६.३: औपचारिक शिक्षा (५ वर्ष भन्दा माथिको)**

| वडा नं. | पूर्व प्राथमिक | आधारधूत | माध्यमिक | प्राविधिक एस् एल्.सी | स्नातक तथा सो भन्दा माथि✶ | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | ६६ | २०४ | ६२ | ० | १५ | ३४७ |
| २ | ३७ | २९० | ८७ | ० | ६२ | ४७६ |
| ३ | २७९ | ८९३ | ३१५ | ० | २६ | १५१३ |
| ४ | २४ | १९४ | ६७ | १ | २४ | ३११ |
| ५ | ८ | १८४ | २५ | ० | ४ | २२१ |
| ६ | २० | १५५ | ३० | १ | १ | २०७ |
| ७ | २०६ | ५६८ | ३०० | २ | २९ | ११०५ |
| जम्मा | ६४० | २४८८ | ८८६ | ४ | १६२ | ४१८० |
| प्रतिशत | १५.३१ | ५९.५२ | २१.२० | ०.१० | ३.८५ | १००.०० |

स्रोत: चुमनुव्री घरधुरी सर्वेक्षण, २०७६

### ६.१.३ शैक्षिक संस्थाको विवरण

यस गाउँपालिकामा २४ वटा सामुदायिक/सरकारी विद्यालय रहेका छन्। यसका अतिरिक्त १ नीजि र २ गुम्वा विद्यालय समेत रहेका छन्। सामुदायिक/सरकारी विद्यालय मध्ये वडा ३ मा सवै भन्दा वढि ८ वटा स्कुलहरू रहेका छन् मने अन्य वडामा क्रमशः १ मा १, २ मा ३, ४ मा ४, ५ मा २, ६ मा ४ र ७ मा २ वटा रहेका छन्।


**तालिका ६.४: बडागत रुपमा शैक्षिक संस्थाको विवरण**

| वडा | समुदायिक सरकारी | विद्यालयको नाम |
|---|---|---|
| १ | १ | गौरी शंकर आधारभुत विद्यालय |
| २ | २ | जुग आधारभुत विद्यालय, ल्हो आधारभुत विद्यालय, |
| ३ | ८ | बौद्ध हिमाली आधारभुत विद्यालय, पाकसिक आधारभुत विद्यालय , बुद्ध मा.वि. |
| ४ | ४ | सिदुग आधारभुत विद्यालय, फिलिम आधारभुत विद्यालय, श्रृग हिमाली आधारभुत विद्यालय विकास प्रा.वि. घटे खोला, विकास प्रा.वि. घटेखोला |
| ५ | २ | सेरागी गुम्बा आधारभुत विद्यालय, प्रोक प्रा.वि., नुब्री आधारभुत विद्यालय, नुब्री आधारभुत विद्यालय |
| ६ | ४ | गुम्बा हिमाली प्रा.वि., सेरागी गुम्बा आधारभुत विद्यालय |
| ७ | २ | सिद्धगणेश आधारभुत विद्यालय, चुमलिग प्रा.वि. , सिप्चेत प्रा.वि., सिपचृत प्रा.वि. |
| कुल | २३ | बुद्ध आधारभुत विद्यालय, छेकम आधारभुत विद्यालय |


स्रोतः चुमनुब्री सस्थागत सर्वेक्षण, २०७६

यस गाउँपालिकामा भएका विद्यालयको स्थान चित्र ६.१ मा प्रस्तुत गरिएको छ ।

**चित्र ६.१: विद्यालय भएको स्थान**




**चित्र ६.२: विद्यालय भएको स्थान**



### ६.१.४ विद्यालयमा अध्ययनरत छात्रछात्राको तहगत विवरण

यस गाउँपालिकामा विभिन्न विद्यालयमा गरि १२८६ विद्यार्थी हरू अध्ययनरत रहेका छन् । यस मध्ये ६६२ (५१.४७ प्रतिशत) विद्यार्थीहरू छात्रा र ६२४ (४९.५३ प्रतिशत) जना छात्र रहेका छन् । कुल अध्ययनरत विद्यार्थी मध्ये १९ जना गुम्वामा, ९४ जना पूर्व प्राथमिक तहमा, ७८० जना आधारभूत र ३९३ जना माध्यमिक तहमा अध्ययनरत रहेका छन् । हाल अध्ययनरत मध्ये सवैभन्दा वढि ६०.६५ प्रतिशत विद्यार्थी आधारभुत तहमा अध्ययनरत छन् भने माध्यमिक तहमा ३०.६५ प्रतिशत, पूर्व प्राथमिकत तहमा ७.३१ प्रतिशत र गुम्वामा १.४८ प्रतिशत अध्ययनरत रहेका छन् ।

**तालिका ६.५: तहगत रुपमा विद्यार्थीको संख्या**

| तह | छात्रा | छात्र | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| गुम्वा | ० | १९ | १९ | १.४८५ |
| पूर्व प्राथमिक | ४५ | ४९ | ९४ | ७.३१५ |
| आधारभुत | ४२७ | ३५३ | ७८० | ६०.६५५ |
| माध्यमिक | १९० | २०३ | ३९३ | ३०.५६५ |
| जमा | ६६२ | ६२४ | १२८६ | १००.००५ |

स्रोत : चुमनुव्री संस्थागत सर्वेक्षण, २०७५

### ६.१.५ शिक्षक शिक्षिकाको संख्या

यस गाउँपालिकामा रहेका कुल २४ वटा विद्यालयमा ६३ जना शिक्षक शिक्षिकाहरू कार्यरत रहेको पाइन्छ । नीजि स्कुल/गुम्वामा कुल ३ जना शिक्षक छन् । संस्थागत/सरकारी तर्फ ६० जना कार्यरत रहेका छन् । यस मध्ये २७ जना शिक्षिका र ३३ जना शिक्षकहरू रहेका छन् ।

**तालिका ६.६: सामुदायिक/सरकारी विद्यालयमा कार्यरत शिक्षकहरूको संख्या**

| | शिक्षिका | शिक्षक | जम्मा |
|---|---|---|---|
| पूर्व प्राथमिक | ११ | १३ | २४ |
| आधारभुत | १५ | १६ | ३१ |
| माध्यमिक | १ | ४ | ५ |
| जम्मा | २७ | ३३ | ६० |

### ६.१.६ शैक्षिक सूचकहरू

यस गाउँपालिकामा कुल भर्ना दर प्राथमिक तहमा १४०.७, माध्यमिकमा ९४.५ र उच्च माध्यमिक तहमा ३५.३ रहे को छ । खुद भर्नादर आधारभुत, माध्यमिक र उच्च माध्यमिकमा कमशः ९७.५, ७२.५ र १४.६ रहेको छ । शिक्षक बिद्यार्थी अनुपात भने सन्तोष जनक देखिएको छ जुन आधारभुत तहमा २८ र माध्यमिक तहमा २५ रहेको छ । विद्यार्थी कक्षा छोड्ने दर माध्यमिक तहमा २.२ रहेको छ भने आधारभुत तहमा १.९ रहेको देखिन्छ ।

**तालिका ६.७ शैक्षिक अवस्था सम्बन्धी केही सूचकहरू**

| | आधारभूत | माध्यमिक |
|---|---|---|
| कुल भर्ना दर | १४०.७ | ९४.५ |
| खूद भर्ना दर | ९७.५ | ७२.५ |

| | | |
|---|---|---|
| शिक्षक विद्यार्थी अनुपात | २८ | २५ |
| कक्षा छोड्ने दर | १.९ | २.२ |

स्रोत : नेपाल सरकार, फल्यास प्रतिवेदन २०१८

## ६.२ स्वास्थ्य


### ६.२.१ स्वास्थ्य सस्था

स्वास्थ्य सस्थाको उपस्थिती अनुसार यहाँ १२ वटा स्वास्थ्य सस्था रहेको देखिन्छ जसमा सात वटा स्वास्थ्य चौकी र पाँच ओटा सामुदायिक स्वास्थ्य ईकाई रहेका छन् । सरकारी वाहेक क्यान नेपाल, चाँया नेपाल लगायतका विभिन्न गैरसर कारी संस्थाहरू मार्फत स्वास्थ्य चौकी र सामुदायिक स्वास्थ्य ईकाईमा सहयोग प्राप्त भएको अवस्था छ । यहाँका स्वास्थ्य सस्थाहरूको स्थान चित्र ६.३ मा प्रस्तुत गरिएको छ ।


### ६.२.२ स्वास्थ्य संस्थामा पहुँच

स्वास्थ्य सस्थामा पहुँचको दृष्टिकोणवाट ३९.७ प्रतिशत घरधुरीको १ कि मि भित्र स्वास्थ्य चौकि रहेको छ भने १०.३ प्रतिशतको २ कि मि भित्र र ८.० प्रतिशतको ३ कि मि भित्र रहेको छ । वाकि ४२ प्रतिशत घरपरिवारको ३ कि मि भन्दा वढि दुरीमा रहेको देखिन्छ । घरधुरीको स्वास्थ्य सस्थामा पहुँचको विवरण चित्र ६.४ मा प्रस्तुत गरिएको छ ।

**चित्र ६.३: स्वास्थ्य संस्थाको स्थान**



चित्र ६.४: स्वास्थ्य सस्थाको स्थान




## ६.२.३ स्वास्थ्य संस्थामा कार्यरत जनशक्ति

यस गाउँपालिकमा रहेका विभिन्न स्वास्थ सस्थाहरूमा सरकारी दरवन्दीमा ६ जना हे.अ., ११ जना अहेव, ६ जना अनमी र १० जना कार्यालय सहयोगी रहेका छन् । क्यान नेपाल, चाँया नेपाल लगायतका विभिन्न गैरसरकारी संस्थाहरूको सहयोगमा स्वास्थ्य चौकी र सामुदायिक स्वास्थ्य ईकाईमा गरी थप १४ जना स्वास्थ्यकर्मी र ७ जना सहयोगी कर्मचारीहरू रहेका छन । यस गाउँपालिकाको कुल जनसंख्याको आधारमा उपलब्ध जनशक्ति ज्यादै न्यून रहेको देखिन्छ ।

## ६.२.४ स्वास्थ्य सस्थामा उपलब्ध सेवा

यहाँ रहेका कुल १२ वटा स्वास्थ्य सस्थाहरू मध्ये ८ वटामा प्रसुति सेवा, २ वटामा वर्थिङ सेन्टर र १ स्थानमा ल्याव सेवा रहेको छ। त्यसैगरी १५ ओटा गाउँघर क्लीनिक, २३ ओटा खोप क्लीनिक र ६३ जना महिला स्वास्थ्य स्वयम सेविका रहे का छन । यहाँको उपलब्ध सेवा आधारभुत तहको भएको हुदाँ जटिल किसिमका रोगका लागि अन्य स्थानमा लानुपर्ने वाध्यता रहेकोछ । यसका साथै यातायातको अभावमा हेलिकप्टर मार्फत विरामिलाई ओसार्नु पर्ने हुदा स्वास्थ्य उपचार खर्चिलो समे त रहेको छ ।

## ६.२.५ प्रमुख रोगहरू

यस गाउँपालिकाको घरधुरी सर्वेक्षणमा जम्मा ७२ जनाले कुनै प्रकारको रोग रहेको वताएका छन् । यस मध्ये २५ जनाले दिर्ध रोग र ४७ जनाले सामान्य रोग रहेको वताएका छन् । दिर्घरोगमा मुटु, टि भि, स्वासप्रस्वास, मधुमेह र उच्च र क्तचाप प्रमुख रोगको रुपमा रहेका छन् । यसैगरि सामान्य रोगहरूमा ज्वरो, झाडापखाला, जन्डिस, आङ खस्ने र निमोनिया प्रमुख समस्याका रुपमा रहेका छन् ।

## ६.३ युवा तथा खेलखुद

यस गाउँपालिकामा १६ देखि ४५ बर्ष सम्मको जनसंख्या करिब ४६.५० प्रतिशत रहेको छ। यस वाट गाउँपालिकामा युवा जनसंख्याको बाहुल्यता देखिन्छ। १६ देखि ३० बर्षको उमेर समूहका अति उत्पादनशील जनसंख्याको २९.७९ प्रतिशत

रहेको पाइएको छ । वडागत रुपमा युवा र अति उत्पादनशील जनसंख्याको विवरण तालिका ६.८ मा प्रस्त्त गरिएको छ ।

**तालिका ६.८ः युवा जनशक्तिको विवरण**

| वडा नं. | १६ देखि ४५ वर्ग उमेर समूह | १६ देखि ३० वर्ष उमेर समूह |
|---|---|---|
| १ | ३६३ | २२२ |
| २ | ५७८ | ३६५ |
| ३ | १,३७५ | ८५७ |
| ४ | ४०७ | २७३ |
| ५ | ३३५ | २१६ |
| ६ | ५४९ | ३४७ |
| ७ | ७१३ | ४८८ |
| जम्मा | ४३२० | २,७६८ |
| प्रतिशत (कुल जनसंख्याको ) | ४६.५० | २९.७९ |

स्रोतः चुमनुव्री सस्थागत सर्वेक्षण, २०७६

## ६.४ जोखिममा रहेको वर्ग

### ६.४.१ आन्तरिक रुपमा विस्थापित

पूर्णिमा परियोजना अन्तरगत फेज नेपाल द्वारा सकलित तथ्याक अनुसार कुल २२ जना आन्तरिक रुपमा विस्थापित भएका देखिन्छन् । जसमा वडा ३ मा सवै भन्दा वढि २० घरपरिवार र वडा २ र ४ मा दुवैमा १ जना विस्थापित भएका छन् ।

**तालिका ६.९ आन्तरिक रुपमा विस्थापित जनसंख्या**

| वडा नं. | आन्तरिक रुपमा विस्थापित |
|---|---|
| | |
| १ | १ |
| २ | |
| ३ | २० |
| ४ | १ |
| ५ | |
| ६ | |
| ७ | |
| जम्मा | २२ |

स्रोतः फेज नेपाल, २०७५

### ६.४.२ अपाङ्ग जनसंख्या

यस गाउँपालिकामा कुल ३०६ जना विभिन्न प्रकारको अपाङ्ग रहेका छन् । यो कूल जनसंख्याको ३.२९ प्रतिशत हुन आँउछ । कूल अपाङ्ग मध्ये १७० जना पुरुष (५५.८९ प्रतिशत) र १३५ जना महिला (४४.११ प्रतिशत) रहेका छन् ।

शारिरिक अपाङ्गता, कान नसुन्ने, आँखा नदेख्ने, बोल्न लरवराउने, कमजोर मानसिक तथा वौद्धिक अवस्था, डराउने आदि जस्ता विभिन्न किसिमका अपाङ्गता सम्बन्धी समस्याहरू यहाँ रहेकाछन् ।

**तालिका ६.१० अपाङ्ग जनसंख्याको विवरण**

| | अपाङ्ग जनसंख्या | | |
|---|---|---|---|
| **वडा नं.** | **पुरुष** | **महिला** | **जम्मा** |
| १ | १२ | २१ | ३३ |
| २ | १५ | १८ | ३३ |
| ३ | ५९ | ३३ | ९२ |
| ४ | २१ | १५ | ३७ |
| ५ | १२ | ८ | २० |
| ६ | १९ | १६ | ३५ |
| ७ | ३२ | २४ | ५६ |
| जम्मा | १७० | १३५ | ३०६ |
| प्रतिशत | ५५.८९ | ४४.११ | १००.०० |

स्रोतः फेज नेपाल, २०७५

### ६.४.३ वालवालिका र वृद्ध जनसंख्या

यस गाउँपालिकामा उमेरको आधारमा आश्रित तथा जोखिममा रहेका कुल संख्या १८१३ रहेको छ । यो कूल जनसंख्याको १९.५१ प्रतिशत हो । यस वर्ग मध्ये १ वर्षमुनिका वालवालिका २१८ जना (पुरुष ११७ र महिला १०१ जना), १ देखि ५ वर्ष उमेर समूहका ७४८ जना ( ३९४ पुरुष तथा ३५४ महिला), ६० देखि ७० वर्ष सम्मका ५४२ जना (पुरुष २७२ तथा पहिला २७० जना) र ७० वर्ष भन्दा माथिका ३०५ जना (पुरुष १३३ तथा महिला १७२ जना ) रहेका छन् । यो वर्गमा पुरुष ९१६ जना (५०.५२ प्रतिशत) र ८९७ महिला (४९.४८ प्रतिशत) रहेका छन् ।

**तालिका ६.११ वालवालिका र वृद्ध जनसंख्याको अवस्था**

| | **१ वर्ष मुनिका** | | | **१ देखि ५ वर्षका** | | | **६० देखि ७० वर्षका** | | | **७० वर्ष भन्दा माथि** | | | **कुल संख्या** | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वडा नं. | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा |
| १ | १० | ६ | १६ | ३० | २९ | ५९ | २६ | २५ | ५१ | १० | २८ | ३८ | ७६ | ८८ | १६४ |
| २ | ९ | ४ | १३ | ४७ | ४५ | ९२ | ३५ | ४३ | ७८ | २९ | २९ | ५८ | १२० | १२१ | २४१ |
| ३ | ४८ | ५१ | ९९ | १४२ | १२० | २६२ | ९२ | ६७ | १५९ | ३१ | ३८ | ६९ | ३१३ | २७६ | ५८९ |
| ४ | १० | ११ | २१ | २८ | २२ | ५० | २४ | २४ | ४८ | १६ | १६ | ३२ | ७८ | ७३ | १५१ |
| ५ | ८ | ६ | १४ | ३५ | ३९ | ७४ | १६ | २७ | ४३ | ८ | ११ | १९ | ६७ | ८३ | १५० |
| ६ | २० | १६ | ३६ | ६८ | ४७ | ११५ | ३५ | ४१ | ७६ | १६ | २४ | ४० | १३९ | १२८ | २६७ |
| ७ | १२ | ७ | १९ | ४४ | ५२ | ९६ | ४४ | ४३ | ८७ | २३ | २६ | ४९ | १२३ | १२८ | २५१ |
| जम्मा | ११७ | १०१ | २१८ | ३९४ | ३५४ | ७४८ | २७२ | २७० | ५४२ | १३३ | १७२ | ३०५ | ९१६ | ८९७ | १८१३ |

स्रोतः चुमनुब्री घरधुरी सर्वेक्षण, २०७६

### ६.४.५ एकल महिला

यस गाउँपालिकामा ४८६ जना एकल महिला रहेका छन् । यो कुल महिला जनसंख्याको १०.५१ प्रतिशत हो । यहाँ रहेका एकल महिला मध्ये ४ जना दलित समुदायवाट रहेका छन् ।

## तालिका ६.१२ एकल महिलाको संख्या

| वडा नं. | एकल महिला | दलित एकल महिला |
|---|---|---|
| १ | ५९ | १ |
| २ | ६१ | १ |
| ३ | १३० | २ |
| ४ | ४५ | ० |
| ५ | ५९ | ० |
| ६ | ५७ | ० |
| ७ | ७५ | ० |
| जम्मा | ४८६ | ४ |

स्रोतः फेज नेपाल, २०७५

## ६.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास)

यस गाउँपालिकाका केही सुचकहरूमा महिला र पुरुष तथा समावेशितको टृष्टिकोण वाट केहि विषमताहरू रहेको देखिन्छ। सामाजिक तथा आर्थिकका विभिन्न सुचकहरूमा महिला, दलित, जोखिममा रहेका वर्गहरू आदि तुलनात्मक रुपमा पछाडी परेका छन्। यस सम्वन्धि केहि साङ्केतिक सुचकहरू तालिका ६.१३ मा प्रस्तुत गरिएका छन्।

**तालिका ६.१३: लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका केही सुचकहरू**

| सुचक | एकाई | महिला | पुरुष |
|---|---|---|---|
| जनसंख्या | प्रतिशत | ४९।७४ | ५०।२६ |
| घरमुलि | प्रतिशत | २१।७१ | ७८।२९ |
| १ वर्ष मुनीका शिशुहरू मध्ये | प्रतिशत | ४६।३३ | ५३।६७ |
| १ देखि ५ वर्ष सम्मका वालवालिका मध्ये | प्रतिशत | ४७।२६ | ५२।७३ |
| ६० देखि ७० उमेर समूह मध्ये | प्रतिशत | ५०।१५ | ४९।८५ |
| ७० भन्दा माथिको जनसंख्या मध्ये | प्रतिशत | ५६।३९ | ४३।६१ |
| घर नभएको घरपविार मध्ये | प्रतिशत | ५१ | ५६ |
| जस्तापाताको छानाभएको घर मध्ये | प्रतिशत | ५०।८० | ५१।३७ |
| विदेशमा रहेको जनसंख्या मध्ये | प्रतिशत | ४।९६ | ८।२७ |
| सगठित सस्थामा कामगर्ने | संख्या | ५१५ | ५९४ |
| वित्तिय सस्थामा खाता भएको (घरमुलिको आधारमा) | प्रतिशत | ११।७२ | १९।०८ |
| कृषि योग्य जग्गामा पहुँच (घरमुलिको आधारमा) | प्रतिशत | ७३।३३ | ८३।०८ |
| कृषिमा आवद्ध (घरमुलिको आधारमा) | प्रतिशत | ५६।११ | ४०।२५ |
| ३ महिना भन्दा कम खान पुग्ने (घरमुलिको आधारमा) | प्रतिशत | १२।६४ | ६।६० |
| साक्षरता दर (५ वर्ष भन्दा माथिको जनसंख्यामा) | प्रतिशत | ६४।५३ | ७७।९० |
| आधारभुत तह अध्ययन गरेका मध्ये | प्रतिशत | ४८।८९ | ५१।११ |
| माध्यमिक तह अध्ययन गरेका मध्ये | प्रतिशत | ४२।५५ | ५७।४५ |
| आधाभुत तहमा अध्ययनरत विद्यार्थीको संख्या | संख्या | ४२७ | ३५३ |
| आधाभुत तहमा अध्ययनरत विद्यार्थीको संख्या | संख्या | १९० | २०३ |

स्रोतः माथि प्रस्तुत विभिन्न तालिकाहरूबाट गणना गरिएको


## परिच्छेद- ७

## वन, वातावरण तथा जलवायु परिवर्तनको स्थिति

### ७.१ वन क्षेत्रको स्थिति

यहाँको अधिकाश भाग उच्च हिमाली क्षेत्रमा पर्ने भएकाले अधिकास भूभाग वाझो, धाँसे मैदान र वन जगलले ढाके को छ। कुल भूभागको ५० प्रतिशत जमिन वाझो रहेको छ भने २६.४५ प्रतिशत भुभाग धाँसे मैदान र १३.३० प्रतिशत वन जगलले ढाकेको छ। वाकि भूभागमा १.८० प्रतिशत कृषि योग्य जमिन, १.२० प्रतिशत नदि तथा वगर, ६.८० प्रतिशत हिँउ, ०.५ प्रतिशत पोखरी र ०.४० प्रतिशत क्लिफ भुभाग रहेको छ। यहाँको क्षेत्र मकालु सरक्षित क्षेत्र भित्र पर्ने भएकोले सम्पूर्ण वन सरक्षित वन क्षेत्र भित्र रहेको छ।

**चित्र ७.१ भूबनोटको अवस्था**




### ७.२ जैविक विविधता

यस गाउँपालिकामा जैविक विविधताले भरिपूर्ण रहेको छ। यहाँ भोगौलिक, प्राकृतिक, सास्कृतिक सवै प्रकारका विविधता रहेको छ। यहाँ हिउ चितुवा, बन विरालो, कस्तुरी, रातो फ्याउरो, स्याल, खैरो भालु, नाउर, अङ्गेरा जातको जङ्गली खरायो, हिमालयन थार लगायत ३९ प्रकारका जनावर र हिम च्याखुरा, सुनौलो चील गरि २०१ प्रकारका चराचुरुङ्गी सहित २६३ प्रकारका जीवजन्तुहरू, ७५६ प्रजातिका वोट विरुवाहरू लगायत पांच औंले, यार्सगुम्वा, जटामसी, लोठसल्ला, सुगन्धवाल, वन लसुन जस्ता विविध जडिवुटी पाइन्छन।

### ७.३ जलवायु


यस गाउँपालिका समुद्रि सतहवाट १२३९ मिटर देखि ८१६३ मिटर सम्म फैलिएका कारण यहाँ उष्ण, टेम्परेट, सव अल्पाईन, अल्पाईन र निभल गरि पाँच प्रकारको हावापानी पाईन्छ। यहाँको तापक्रम गर्मि मौषमा ३१ देखि ३४ डिग्रि र जाडोयाममा ८ देखि १३ डिग्रिको हाराहारीमा रहन्छ। जाडो याममा हिमपात र असिनावारी सामान्यता रहन्छ भने जुन देखि सेप्टेवर सम्म

मनशुनको प्रभाव रहन्छ। यस समयमा औषत वर्षा १९०० मि.मि. जति पर्दछ।

### ७.४ भूक्षय तथा बाढी पहिरो तथा नदी कटान

यस गाउँपालिकामा बुढी गण्डकी लगायत ३० वटा नदीनाला रही पर्याप्त जलश्रोतको सम्भावना रहेको देखिन्छ। फलस्वरुप भूक्षय तथा नदि कटान यहाँको प्रमुख समस्याको रुपमा रहेको छ। यस गाउँपालिकाको ६५.१५ प्रतिशत भूभाग ३० डिग्री भन्दा वढी भिरालो रहेकोले यहां पहिरोको जोखिम उच्च रहेको छ।

**चित्र ७.२ : भूक्षय सम्भावित क्षेत्रहरू**




### ७.५ जलाधारको अवस्था

बुढीगण्डकी नदी यहाँको प्रमुख नदी हो। यो फुकान ग्लेसियर तथा मनास्लु हिमालवाट उत्पन्न भई उत्तर पश्चिम वाट वहदै दक्षिणमा न्याकफेदिमा स्यिार खोला सगँ मिसिएसगै बुढी गण्डकी नदिको नामवाट परिचित हुन्छ। यस वाहेक यहाँ काल र विरेन्द्र ताल दुई महन्वपूर्ण ताल रहेका छन्। यी तालहरू पर्यटकीय दृष्टिकोणले महत्वपुर्णकाछन्। यस गाउँपालिका मूलत: बुढीगण्डकी जलाधार क्षेत्र भित्र सेयार खेला र कथाङ् खोला गरी दुई उपजलाधार क्षेत्र रहेका छन। यस वाहेक यहाँ पानी मुहान ३ वटा, झरना ८ वटा र खोला ३० वटा रहेका छन्। यी जलसम्पदा खानेपानी तथा सिचाईका लागि महत्वपूर्णका रहेकाछन्।

**तालिका ७.१ गाउँपालिकाका पोखरी, मुहान आदिको विवरण**

| वडा नं. | पोखरी/ताल | झरना | मुख्य मुहान | सहायक खोलाहरू |
|---|---|---|---|---|
| १ | १ | | | |
| २ | | | | |
| ३ | | ४ | | |
| ४ | | | | |

| | | | | |
|---|---|---|---|---|
| ५ | | ३ | | |
| ६ | | १ | ३ | |
| ७ | | | | |
| जम्मा | २ | ८ | ३ | |

### ७.६ बाढी, पहिरो, नदी कटान, हुरी बतासबाट सम्भावित जोखिमको अवस्था

घरधुरी सर्वेक्षण अनुसार यस गाउँपालिकामा १४७ घरपरिवार बाढीको जोखिममा रहेको वताएका छन् । यसैगरि पहिरोको जोखिम ११८१ परिवार रहेको जनाएका छन् भने भने ८०१ परिवारले हावाहुरीको जोखिम रहेको वताएका छन् ।

यस गाउँपालिकामा २०७२ सालको भूकम्पले १२ जनाको मृत्यू हुनका साथै २७५० निजी संरचना क्षतिग्रस्त भएका, २० वटा विद्यालय, ९ वटा स्वास्थ्य संस्था, १८ वटा सामुदायिक तथा सहकारी भवन, १३ वटा सरकारी कार्यालय, ४४ वटा पुरातात्वीक सम्पदाहरूमा क्षति भएको देखिन्छ। भूकम्प पश्चात यस गाउँपालिकाको सात स्थानमा पहिरोले गम्भिर असर गरे को र पहिरोको जोखिमबाट पुर्नस्थापना गर्नु पर्ने घरधुरी संख्या ३९६ रहेको छ ।

**तालिका ७.२ जोखिममा रहेका घरपरिवारको संख्या**

| वडा नं. | बाढी | पहिरो | हावाहुरी | डुवान |
|---|---|---|---|---|
| ! | ६ | ६२ | २०४ | ३ |
| २ | ९४ | १२७ | ३८ | १ |
| ३ | ४ | ३३२ | २३० | १९ |
| ४ | | ५८३ | ३२१ | |
| ५ | ९ | ९ | १ | |
| ६ | | | | |
| ७ | ३४ | ६८ | ७ | |
| जम्मा | १४७ | ११८१ | ८०१ | २३ |

## परिच्छेद- ८

## संस्थागत सुशासन

यस गाउँपालिकाको संस्थागत संरचनामा गाउँ कार्यपालिका, सभा, न्यायिक समिति र वडासमितिहरू आफ्नो जिम्मेवारी अनुसार कृयाशील रहेका छन् । हाल गाउँ कार्यपालिकामा १५ जना निर्वाचित प्रतिनिधि रहनुका साथै सभामा ३३ जना प्रतिनिधि रहेकाछन् । योजना तर्जुमा सम्बद्ध समितिहरू गठन भई कार्यरत छन् । पालिकास्तरीय अनुगमन समिति कृयाशील रहेको छ । स्थानीय मेलमिलापकर्ताहरू २२ जनाले तालिम प्राप्त गरी परिचालन भएकाछन् । गाउँपालिकामा जम्मा ३३ जनाको दरबन्दी रहेकोमा ६ जना पदमात्र स्थायी पदपूर्ति भएको देखिन्छ । सात वडा मध्ये २ वडामा मात्र वडा सचिवको पदपूर्ति भएको छ । यस गाउँपालिकामा ४ वटा विकास साझेदार र ५ वटा गैरसरकारी संस्था कृयाशील रहेका छन् ।

गाउँपालिकाले २५ वटा नीति, ऐन कानून र कार्यविधि र मापदण्ड स्वीकृत गरेको छ । यसैगरी स्थानीय सञ्चित कोष स्थापना भई सुत्रमा आधारित वित्तीय कारोवार सञ्चालन भएको, व्यक्तिगत घटना दर्ता, सामाजिक सुरक्षा, बस्तुगत विवरण संकलन आदि कार्यमा सफ्टवेयरको प्रयोग गरिदै आएको, गाउँपालिका र वडाहरूमा नागरिक बडापत्र प्रकाशित भएका, स्थानीय कार्यक्रमहरू उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने गरेको, सार्वजनिक परीक्षण र सामाजिक परीक्षण हालसालै आरम्भ भएका छन् ।

## ८.१ गाउँसभा

| | | |
|---|---|---|
| १ | अध्यक्ष | धनबहादुर गुरुङ |
| २ | उपाध्यक्ष | कुमारी गुरुङ |
| ३ | वडा अध्यक्ष: १ | विर बहादुर लामा |
| ४ | वडा अध्यक्ष: २ | पेम्बा रेता |
| ५ | वडा अध्यक्ष: ३ | रामकुमार गुरुङ |
| ६ | वडा अध्यक्ष: ४ | पेमा ढुण्डुप लामा |
| ७ | वडा अध्यक्ष: ५ | सोनाम ध्याल्जेन गुरुङ |
| ८ | वडा अध्यक्ष: ६ | लोप्साङ लामा |
| ९ | वडा अध्यक्ष:७ | पासाङफुन्जो लामा |
| १० | सदस्यकार्यपालिका | विशाल घले |
| ११ | सदस्यकार्यपालिका | पेमा रिक्जीनवि.क. |
| १२ | सदस्य वडा नं. १ | निमा दोर्जे लामा |
| १३ | | मिङमर छिरिङ लामा |
| १४ | | निमा छेटेन लामा |
| १५ | सदस्य वडा नं. २ | पेम्बा छिरिङ लामा |
| १६ | | पासाङल्हामु लामा |
| १७ | | लाक्पा ढिकी वि.क. |
| १८ | सदस्य वडा नं. ३ | रमन गुरुङ |
| १९ | | कान्छा गुरुङ |
| २० | | ब्ल्यामु गुरुङ |
| २१ | | फुतानी कमिनी |
| २२ | सदस्य वडा नं. ४ | रिक्जीन दोर्जे लामा |
| २३ | | लाक्पा छिरिङ लामा |
| २४ | | निमादिकी लामा |
| २५ | सदस्य वडा नं. ५ | कालेन छेवाङ लामा |
| २६ | | कुन्साङ ढुण्ढुप लामा |
| २७ | | निमादिकी लामा |
| २८ | सदस्य वडा नं. ६ | चित्रबहादुर गुरुङ |
| २९ | | पासाङ डोल्मा लामा |
| ३० | | नुटुप ध्याल्जेन |
| ३१ | सदस्य वडा नं. ७ | कर्साङ लामा |
| ३२ | | पेमा छेवाङ लामा |
| ३३ | | सोनाम आङमु लामा |
| ३४ | सचिव | भिमसेन श्रेष्ठ |

## ८.२ गाउँ कार्यपालिका

| क्र.स. | पद | नाम थर |
|---|---|---|
| १ | अध्यक्ष | धन बहादुर गुरुङ |
| २ | उपाध्यक्ष | कुमारी गुरुङ |
| ३ | वडा अध्यक्षः १ | विर बहादुर लामा |
| ४ | वडा अध्यक्षः २ | पेम्बा रेतार लामा |
| ५ | वडा अध्यक्षः ३ | राम कुमार गुरुङ |
| ६ | वडा अध्यक्षः ४ | पेमा ढुण्डुप लामा |
| ७ | वडा अध्यक्षः ५ | सोनाम ध्याल्जेन गुरुङ |
| ८ | वडा अध्यक्षः ६ | लोप्साङ लामा |
| ९ | वडा अध्यक्षः७ | पासाङ फुन्जो लामा |
| १० | महिलासदस्य | फुतानी कमिनी |
| ११ | महिला सदस्य | पासाङल्हामु लामा |
| १२ | महिला सदस्य | निमा दिकी लामा |
| १३ | महिला सदस्य | पासाङ डोल्मा लामा |
| १४ | मनोनितसदस्य (अल्पसंख्यक) | विशाल घले |
| १५ | मनोनितसदस्य(दलित) | पेमा रिक्जीन वि.क. |
| १६ | सदस्य सचिव | भिमसेन श्रेष्ठ |

## ८.३ कार्यरत कर्मचारीको अवस्था

| क्र.स. | नाम थर | पद |
|---|---|---|
| १ | भिमसेन श्रेष्ठ | प्रमुख प्रशासकिय अधिकृत |
| २ | गणेशभक्त त्रिपाठी | सहायकस्तर पाँचौं |
| ३ | वेदप्रकाश ढकाल | सहायकस्तर पाँचौं |
| ४ | मुकेश प्रजापति | लेखा प्रमुख |
| ५ | रजउल्लाह अन्सारी | सव- इन्जिनियर |
| ६ | कर्णबहादुर नेपाली | कृषि प्राविधिक |

## ८.४ गाउँपालिकामा कार्यरत गैससहरू

| क्रियाशील | विकास साझेदार |
|---|---|
| गोरेटो गोर्खा | पूर्णिमा डि.एफ. आ. डि |
| पद्धति विकास सेवा केन्द्र | कादुरी |
| युनिफिकेसन गोर्खा | कमुनिटी एक्सन नेपाल |
| हेलेन केलर इ नेपाल सुहारा | युस. ए. आ. डी |
| मनास्लु संरक्षण, एन. एन. टि. सि | |
| सम्भव नेपाल | |




उपाध्यक्ष
CHASE















